
बाइबलका
शिक्षाहरुको श्रेणी



नाको
पुस्तकको
बारेमा स्व.
अध्ययन
पाठ्यक्रम

# विरक्त भविष्यवक्ता

# विरक्त भविष्यवक्ता

योनाको पुस्तकको बारेमा स्व. अध्ययन पाठ्यक्रम

Multi-Language
Productions
Bringing the Word to the World

मुलपाठ सेवकहरुको संस्थागत समुदायको आज्ञाले विशेष विस्कान्सिन इभेन्जिलिकल लुथरन सिनेडद्वारा उत्पादन गरिएको हो ।
कपिराईट © १९९७
विस्कान्सिन इभेन्जिलिकल लुथरन सिनेडको बहुभाषा प्रकाशन द्वारा मुलपाठ अनुकरण ।
प्रकाशन २००२
नेपालीमा प्रकाशन २०१०
रंगिन तथा सादा दृष्य ग्लेन मार्यसको कार्यहो । ग्लेन मार्यसको दृष्यहरुको अधिकार नर्थ वेष्टर्न पब्लिसिङ्ग हाउसले सुरक्षित राखेको छ ।
धर्मग्रन्थ पवित्र बाइबल  न्यु इन्टरनेसनल रिर्डस भर्सन बाट लिइएको हो । कपिराईट © १९९४, १९९६ १९९८ इन्टरनेसनल बाइबल सोसायलीको अनुमतिले प्रयोग गरिएको हो ।

पुस्तक ७

# सुची पत्र


प्रारम्भ ........................................................ १

अध्याय १ :
परमेश्वरको कृपाबाट भागेको ................................ ३

अध्याय २ :
परमेश्वरको कृपामाथि विश्वास गर्नु ..........................२१

अध्याय ३ :
परमेश्वरको कृपामा फर्की आउनु ............................३७

अध्याय ४ :
स्वार्थीपना अनि परमेश्वरको कृपा .........................४९

शब्दावली .................................................... ६५

अध्याय परीक्षाका उत्तरहरु ................................ ६९

अन्तिम परीक्षा ............................................. ७०

# प्रारम्भमा

यो पुस्तक भविष्यमवक्ता योनाको बारेमा हो जसको कथा हामी बाइबलमा पढ्दछौं । जसमा उनको नाम उल्लेख भएको छ । यो पुस्तक ईसाइ जीवनमा यसको उत्थान र पतन अनि यी सबै अवस्थामा परमप्रभुको सहायता तथा उद्धारको बारेमा केही उत्साहपूर्ण कुराहरु सिक्न मद्दत गर्नेछ ।

प्रत्येक चारै वटा अध्यायहरु सानो तारा (*) ले संकेत गरेका उद्देश्यका सूचीबाट शुरु हुन्छ । यी उद्देश्यहरुले तपाईं त्यस अध्यायमा के सिक्दै हुनुहुन्छ भन्ने बताउँछ । प्रत्येक अध्यायमा केही प्रश्नहरु हुनेछन् जसको तपाईंले उत्तर दिनु पर्नेछ । अध्यायको अन्त्यमा एउटा परीक्षा हुनेछ ।

तपाईंले पाठ ध्यान दिएर पढ्नु भयो भने परीक्षामा दिइएका प्रश्नका उत्तरहरु दिन सक्नु हुनेछ । यदि तपाईं अध्यायको शुरुमा फर्कनु भयो र उद्देश्य जाँच्नु भयो भने ती उद्देश्यहरु बारेमा तपाईंले अध्यायमा के सिक्नु भयो भन्ने थाहा पाउनु हुनेछ । प्रत्येक प्रश्नहरु पछि अनि प्रत्येक अध्याय परीक्षा पछि तपाईले ती पेज नं.हेर्नु भयो भने त्यस पेजको सबभन्दा मुनि उत्तरहरु पाउनु हुनेछ । आफ्नो प्रत्येक उत्तरहरु होशियारी साथ जाँच्नुहोस् । यदि तपाईंले केही गल्ती गर्नु भएको छ भने सच्याउनुहोस् । अर्को अध्याय सुरु गर्नु भन्दा अघि सबै प्रश्नहरुको उत्तरहरु जानी राख्न निश्चित हुनुहोस् ।

यस पुस्तकको अन्तमा एउटा अन्तिम परीक्षा राखिएको छ । यो परीक्षा दिनु अघि एकपटक अध्यायका परीक्षाहरु पुनः दोहोर्याउनुहोस् । जब तपाईं अन्तिम परीक्षा दिई सक्नु हुनेछ । तपाईं यो पुस्तक तपाईंलाई दिने व्यक्तिलाई त्यो परीक्षाको पेजहरु दिन सक्नु हुन्छ । यस पुस्तकको पछाडि दिइएको ठेगानामा पठाउन सक्नु हुन्छ ।

प्रत्येक पाठको शुरुमा छलफल गर्नको निम्ति योनाको पुस्तकको अध्यायहरु तपाईंलाई पढ्नको निम्ति दिइएको छ । यो अध्ययन गर्ने पुस्तकको पाठहरुले योनाको पुस्तकको अध्यायहरुलाई अनुसरण गर्दछन् ।

परमेश्वरसँग अनि उहाँको पुत्र येशू खीष्टसँग तपाईंको सम्बन्ध बारे तपाईं जति धेरै जान्न थाल्नुहुन्छ त्यति नै तपाईंलाई परमेश्वरले सहायता गरुन् । परमेश्वरले तपाईंको अध्ययनमा आशिष् दिऊन् ।

## अध्याय – एक

# परमेश्वरको कृपाबाट भागेको

### योना परमप्रभुबाट भागेका

१परमप्रभुको यो वचन अमित्तैका छोरा योनाकहाँ आयो : २"त्यस
ठूलो शहर निनवेमा जा, र त्यसको विरुद्धमा प्रचार गर् , किनभने त्यसको
दुष्टयाइँ मेरो सामु आएको छ ।"

३तर योना परमप्रभुबाट भागे र तर्शीशतिर लागे । तिनी तल योप्पा
शहर गए, र त्यहाँ तिनले तर्शीशमा जाने एउटा जहाज भेट्टाए । परमप्रभुबाट
भाग्न तर्शीश जानलाई जहाजमा भाडा दिएर तिनी चढे ।

४तब परमप्रभुले समुद्रमा एउटा ठूलो बतास चलाउनुभयो, र यस्तो
प्रचण्ड आँधी चल्यो कि त्यसले जहाजलाई नष्ट गर्लाजस्तै भयो । ५सबै

नावीकहरु डराए, र प्रत्येकले आफ्नो देवताको पुकारा गर्‍यो । अनि तिनीहरुले जहाज हलुङ्गो बनाउनलाई व्यापारका मालहरु समुद्रमा फाले ।

तर योनाचाहिँ जहाजको तल्लो तलामा गएका थिए, र त्यहाँ तिनी भुसुक्क निदाए । ६जहाजका कप्तान तिनीकहाँ आएर भने, "कसरी सुत्न सकेको ! उठेर तिम्रा परमेश्वरलाई पुकार । सायद उहाँले हाम्रो ख्याल राख्नुहुनेछ र हामी नष्ट हुनेछैनौं ।"

७तब नावीकहरुले आपसमा भन्न लागे, "आओ, यस आपत्तिको जिम्मावार को रहेछ, सो जान्नलाई हामी चिट्ठा हालौं ।" तिनीहरुले चिट्ठा हाले, र चिट्ठा योनाको नाउँमा पर्‍यो ।

८तब तिनीहरुले तिनलाई सोधे, "हामीलाई भन, हामीमाथि यो आपत् ल्याउन को जिम्मेवार छ ? तिम्रो काम के हो ? तिमी कहाँबाट आएका हौ ? तिम्रो देश कुन हो ? तिमी कुन जातिका हौ ?"

९तिनले जवाफ दिएर भने, "म एक हिब्रू हुँ, अनि म स्वर्गका परमेश्वरको आराधना गर्दछु, जसले समुद्र र जमीन दुवै बनाउनुभयो ।"

१०यस कुराले तिनीहरु डराए र तिनलाई सोधे, "तिमीले के गरेका छौ ?"(अघि नै यो कुरा बताएका हुनाले तिनी परमप्रभुको सामुन्नेबाट भागेका रहेछन् भन्ने तिनीहरुलाई थाहा थियो ।)

११समुद्रका छालहरु झन् झन् प्रचण्ड हुँदैथिए । यसैले तिनीहरुले सोधे, "तिमीलाई अब हामीले के गरेदेखि समुद्र हाम्रा निम्ति शान्त होला ?"

१२तिनले जवाफ दिए, "मलाई उचालेर समुद्रमा फालिदेओ, र समुद्र शान्त हुनेछ । किनकि मेरै कारणले गर्दा तिमीहरुमाथि यो प्रचण्ड आँधी चलेको हो भन्ने म जान्दछु ।"

१३तापनि जहाजलाई किनार लगाउनलाई ती मानिसहरुले सकेसम्म खियाए, तर तिनीहरुले सकेनन्, किनकि तिनीहरुका विरुद्धमा समुद्र झन् झन् खराब हुँदैगयो । १४यसकारण तिनीहरुले परमप्रभुमा पुकारा गरेर भने, "बिन्ती छ, हे परमप्रभु, यस मानिसको ज्यान लिएको कारण हामीलाई मर्न नपरोस्, र

एक निर्दोष मानिसका हत्याको दोष हामीलाई नलागोस्, किनकि हे परमप्रभु, तपाईंलाई जस्तो इच्छा लागेको थियो सो गर्नुभएको छ ।” १५तब तिनीहरुले योनालाई उचालेर समुद्रमा फालिदिए, र उर्लेको समुद्र शान्त भइहाल्यो । १६यो देखेर ती मानिसहरुले परमप्रभुको अत्यन्तै भय माने, र तिनीहरुले परमप्रभुको निम्ति बलिदान चढाए र उहाँमा भाकल गरे ।

१७तर योनालाई निल्न परमप्रभुले एउटा ठूलो माछा जुटाउनु भयो, र तीन दिन र तीन रातसम्म योना त्यस माछाको पेटभित्र रहे ।

तपाईंले कुनै त्यस्तो कार्य गर्नु भएको छ जुन गलत थियो ? हुनसक्छ तपाईं त्यस्तो ठाउँमा पर्नु भयो जहाँ तपाईं पर्नु हुन्नथ्यो । तर तपाईंले त्यो ठाउँ छोड्न चाहनु भएन । अथवा त्यस्तो मान्छेसँग हुनुहुन्थ्यो जससँग तपाईंले बस्नु हुन्नथ्यो । तर तपाईंले एक्लो हुन चाहनु भएन । अथवा कुनै यस्तो काम तपाईंले गर्नै पर्थ्यो । तर तपाईंले त्यो गर्नै चाहनु भएन ।

तपाईंले आफ्नो प्रकारले गर्नको निम्ति प्राप्त गरेको तरिका सम्झनु हुन्छ ? तपाईंले आफू भित्रको आवाज जसले “यो ठीक होइन” भन्नेलाई वेवास्ता गर्नुभएको छ ? वा तपाईंले गर्नुपर्छ भन्ने जानेर पनि आफ्नो ध्यान अरु केहीले खिचेको अनुभव भएको छ ?

यदि यी मध्ये कुनै कुरा परिचित लाग्छन् भने तपाईं एक्लो हुनुहुन्न । तपाईंले योना भन्ने नामको एकजना मानिसको बारेमा धेरै कुरा जानी सक्नु भएको छ । उनी नै एउटा मानिस हुन, जो

परमप्रभुबाट भाग्ने कोशिस गरेका थिए । तिनले आफूले गर्नु पर्ने कार्यको वेवास्ता गरे । योनाको पुस्तकको पहिलो अध्याय परमप्रभुबाट उनी कसरी भागे अनि परमप्रभुले उनलाई पछि फर्काउनलाई चालेको कदमको बारेमा छ । यस अध्यायको अन्त्यमा तपाईं जान्नु हुनेछ :

* योना परमेश्वरबाट कसरी भागे ;

* योनाले बाटोमा अरुलाई कसरी चोट पुर्‍याए ;

* योना कसरी कुनामा धकेलिए, ; अनि

* योना कसरी परमप्रभुको सहयोगमा बढ्न सके ।

अमित्तै भन्ने मानिसको छोरा योना एक भविष्यवक्ता थिए । उनी यहूदीहरुको देश –इस्राएलमा बस्दथे । यहूदीहरु ख्रीष्टको जन्म अघि परमप्रभुका मानिस थिए । योना येशू –जन्मनु भन्दा अन्दाजी ७५० वर्ष पहिले जीवित थिए ।

योना बढ्दै गर्दा इस्राएलको एउटा शत्रु चाहिँ अश्शूंर देश थियो । इस्राएल र अश्शूरीहरु बीच धेरै समयसम्म युद्धमा थिए । तब योनाले अश्शूरीहरुलाई घृणा गर्थे भनेर तपाईं अन्दाज गर्न सक्नुहुन्छ । जब परमेश्वरले योनालाई इस्राएलले अश्शूरको विरुद्धमा धेरै लडाईहरु जित्नेछ भनी भविष्यवाणी गर्न अह्राउनु भयो । सायद तिनी

धेरै नै खुशी भएका थिए । योनाको भविष्यवाणी (२ राजा १४ अध्यायमा) उल्लेख गरिएको छ । तपाईंसँग बाइबल छ भने, योनाको बारेमा के भनिएको छ त्यो पद २५ अनि त्यस मुनिका पदहरुमा पढ्न सक्नु हुन्छ ।

योनाको पुस्तक सायदः योना आफैंले लेखेका हुन् । योनालाई परमप्रभुको एउटा नयाँ भविष्यवाणीबाट यो पुस्तक एउटा प्रारम्भ हुन्छ । परमप्रभुले उनलाई ठूलो शहर निनवेमा जान भनी आदेश दिनुभयो । उनले त्यहाँका मानिसहरुलाई उनीहरुको अपराध र दुष्टयाइँको निम्ति परमप्रभुले सजाय दिँदै हुनुहुन्छ भन्ने प्रचार गर्नु थियो । योनाले निनवेका ती मानिसहरुलाई चेतावनी देओस् भनी परमप्रभु चाहनुहुन्थ्यो ताकि तिनीहरुमा परिवर्तन आओस् । अनि परमप्रभुले सजाय दिन नपरोस् ।

तर निनवे अश्शूरको राजधानी थियो । योनाले गर्न चाहेको अन्तिम कार्य चाहिँ तिनीहरुलाई परमप्रभुको क्रोधको बारेमा चेतावनी दिनु थियो । उनी अश्शूरीहरुले दुःख पाओस् भन्ने चाहन्थे । तब परमप्रभुले तिनीहरुको राजधानी -शहर निश्चित रुपले ध्वस्त पार्न लाग्नु भएको थियो । अनि योनाले तिनीहरुलाई चेतावनी देओस् भन्ने उहाँ चाहनु हुन्थ्यो । योनाले भने “कुनै उपाय छैन !” अनि तिनी भागे ।

योनाले गरेको पहिलो काम चाहिँ योप्पा शहरको समुद्री किनारमा अवस्थित पानी जहाज राख्ने अड्डा तर्फ दौडनु थियो । त्यहाँ तिनले तर्शीश अथवा स्पेन (त्यसबेला स्पेनलाई तर्शीश भनिन्थ्यो) मा जाने एउटा जहाज भेट्टाए । इस्राएलबाट निनवे लगभग ६६० कि.मि. उत्तरपूर्वमा पर्दथ्यो । स्पेन ३३०० कि.मि. पश्चिममा पर्दथ्यो । के योनाले गर्न लागेको काम गोप्य थियो ?

योना एक अध्यायले यसो पनि भनेको छ कि उनी परमप्रभुबाट भाग्नको निम्ति तर्शीश जान चाहन्थे । तपाईं आफैसँग सोध्न सक्नुहुन्छ । " के योनाले परमप्रभुबाट भाग्ने कुरा साँच्चै सोच्न सके ?" तर हामी पनि त्यस्तै गर्दैनौ त ? योनालाई परमेश्वरबाट भाग्न सकिन्न भन्ने थाहा थियो । तर परमेश्वरले जहाँ जानु भन्नु भएको थियो । त्यसको अर्कै दिशातर्फ भाग्न भने सक्दथे । जब परमप्रभुले "निनवे जा" भन्नु भयो । तब योना तर्शीशमा गए । उदाहरणको लागिः जब परमप्रभुले मण्डलीमा जानको लागि भन्नुहुन्छ हामी कहाँ जान्छौं । हामीले परमप्रभुबाट टाढा जाने अर्कै ठाउँ पाउँछौ त ? परमेश्वरले नचाहेको ठाउँमा जानु भनेकै योनाले जस्तो परमेश्वरबाट भाग्नु हो ।

१. योना इस्राएलमा एक .........................थिए ।

२. योनाले इस्राएलको शत्रु ............................लाई घृणा गर्थे ।

३. .......................ले योनालाई निनवेमा जान अह्राउनु भएको थियो ।

४. योनाले निनवेलाई परमेश्वरले ...............पार्नु हुनेछ भनेर तिनीहरुलाई चेताउनी दिनु थियो ।

५. योनाले तर्शीश तर्फ गइरहेको ...............फेला पारे ।

६. योना .............बाट भागि रहेका थिए किनकि उनी परमेश्वरले उनलाई गर्नु भनेको कामबाट ..........रहेका थिए ।

( पेज नं. ११ को तल हेरी तपाईंको उत्तरहरु जाँच्नुहोस् )



बुवाले आफ्नो छोरालाई अँगालो हाले र क्षमा गरे अनि घर आउनको निम्ति स्वागत गरे ।

जब जहाज चल्न थाल्यो । योनाले आफू सुरक्षित भएको ठाने । उनले सोचे कि परमेश्वरले उनलाई अब निनवेमा जाने वाला छ भन्ठान्नु हुनेछैन । आखिरमा उनी तर्शीशतर्फ लागे । योनाले भन्न थाले, “क्षमा गर्नुहोला, परमप्रभु, अब मेरो अरु नै योजनाहरु छन् ।” अथवा परमेश्वरको पनि अरु योजनाहरु थिए । अनि उहाँले योनालाई फर्काएर ल्याउने व्यवस्था मिलाउनु भयो ।

तपाईंले शायदः हराएको भेडाको, हराएको सिक्काको वा हराएको छोराको कथा सुनेको हुनुपर्छ । यी दृष्टान्तहरु (लूकाको १५अध्यायमा लेखिएका छन् । यी प्रत्येक दृष्टान्तहरु येशूले यस संसारमा छँदा भन्नु भएको कथाहरु हुन् ।)

यी सबै वास्ताविकताले परमेश्वरले तिनीहरुको आफ्नै दोष भएता पनि कसरी जो कोही हराएका हुन्छन् त्यसलाई फर्काएर ल्याउने व्यवस्था गर्नुहुन्छ भन्ने देखाउँछ । परमेश्वरलाई थाहा छ कि हामी उहाँ विना बाँच्न सक्दैनौं । यद्यपि टेलिभिजन र पुस्तकहरुले ( हामीहरु उहाँ विना नै बाँच्न) सक्दछौं भन्दछ । परमेश्वरले जब उहाँको एउटा बालक हराएको देख्नुहुन्छ । तब उसलाई फर्काएर ल्याउनको निम्ति कार्य गर्नुहुन्छ । उहाँ प्रेमीलो बुवा-आमा जस्तो

पेज नं. ९ का उत्तरहरु :
१. भविष्यवक्ता ; २. अश्शूर ; ३. परमेश्वर ; ४. ध्वस्त ; ५. जहाज
६. परमेश्वर, भागि

हुनुहुन्छ जो आफ्नो बालकलाई खतरनाक र त्यस्ता सडकमा पर्नबाट जोगाउनको निम्ति समात्न दौडनुहुन्छ । हाम्रो अध्ययनमा योना सडकमा पर्नको लागि दौडिरहेका छन् । अनि परमेश्वर उनलाई समात्न गईरहनु भएको छ भन्ने जस्तै हो ।

परमेश्वरले गर्ने पहिलो कार्य भनेको समुद्रमा आँधी पठाउनु हो । यो आँधी यति भयानक थियो कि जहाजका नावीकहरुले सोचे कि जहाज ध्वस्त हुनेछ । योनाले चाहिँ वास्ता गरेनन् । परमेश्वरले उनलाई अह्राएको कामबाट टाढा हुन पाउँदैमा उनी खुशी थिए । वास्तवमा योना चाहिँ आँधी चलेको बेला जहाजको तल्लो तलामा सुत्न गए ।

जहाजका मानिसहरु आए अनि योनालाई व्युँझाए । तिनीहरुले उनलाई परमेश्वरको प्रार्थना गरेर उनीहरुलाई परमेश्वरले बचाइ दिनु हुनेछ भन्ने चाहेका थिए ।

सबै नावीकहरु डराएका थिए । तिनीहरुले त्यस आपत्तिको जिम्मेवार को रहेछ, सो जान्नलाई तिनीहरुले चिट्ठा हाले, र चिट्ठा योनाको नाउँमा पर्‍यो । यस अवस्थामा परमेश्वर आउनु भयो । अनि योनाको दोष छ भन्ने प्रष्ट पारी दिनु भयो ।

नावीकहरुले योनालाई समातेर केही प्रश्नका उत्तरहरु दिन लगाए । तिमी को हौ ? तिमी कहाँबाट आएका हौ ? तिमीले के त्यस्तो काम गर्‍यौ जसले गर्दा तिमी भाग्नु पर्‍यो ? यो किन यस्तो

भइरहेको छ ? योनाले तिनीहरुलाई सबै कुरा भने : उनी इस्राएलका हुन । उनी भविष्यवक्ता हुन् । अनि परमेश्वरमा विश्वास राख्ने हुन् । नावीकहरुले योना परमेश्वरबाट भागेको खबर पाए अनि तिनीहरु झन भयभित भए ।

जहाजमा चढदै गर्दा योनाले नावीकहरुलाई आफू कोहीबाट भागिरहेको भनी बताएका थिए । उनले यहोवे नाम गरेको कोहीदेखि आफू भागिरहेको भनी उनीहरुलाई बताएका थिए । उनले यहोवा परमेश्वर हुनुहुन्छ भनेर तिनीहरुलाई बताएनन् (पुरानो करारमा परमेश्वरको नाम यहोवे छ) । नावीकहरुले सोचेका थिए कि योना यहोवे भन्ने नामको मानिसदेखि भाग्दै थिए । अब चाहिँ योनाले तिनीहरुलाई भने कि उनी परमेश्वरदेखि भाग्दैछन् “म एक हिब्रू हुँ, अनि म स्वर्गका परमेश्वरको आराधना गर्दछु, जसले समुद्र र जमीन दुवै बनाउनु भयो ” (योना १:९) ।

७. परमप्रभुले समुद्रमा ......................पठाउनु भयो ।

८. नावीकहरु तिनीहरुको ......................ध्वस्त हुनेछ भनि डराएका थिए ।

९. योना जहाजको तल्लो तलामा ......................गए ।

१०. नावीकहरुले ........... हाले अनि योना दोषी रहेको पत्ता लगाए ।

११. नावीकहरुलाई योना ............ ...........बाट भागिरहेको भन्ने थाहा थियो ।

१२. तिनीहरुलाई यहोवे नै वास्तवमा ................हुनुहुन्छ भन्ने थाहा थिएन ।

( पेज नं. १६ को तल हेरी तपाईका उत्तरहरु जाँच्नुहोस् )

नावीकहरुलाई के गर्नु पर्ने हो भन्ने थाहा भएन । समुद्रका छालहरु झन्–झन् प्रचण्ड हुँदैथिए । यसैले तिनीहरुले सोधे, “तिमीलाई अब हामीले के गरेदेखि समुद्र हाम्रा निम्ति शान्त होला ?” (योना १ : ११)

योनाले जवाफ दिए “मलाई उचालेर समुद्रमा फालिदेओ, र समुद्र शान्त हुनेछ ।किनकि मेरै कारणले गर्दा तिमीहरुमाथि यो प्रचण्ड आँधी चलेको हो भन्ने म जान्दछु ।” (योना १ :१२) योनालाई थाहा भयो कि परमेश्वरबाट भाग्ने उनको प्रयत्न विफल भईसक्यो । ती सबै मानिसहरुलाई विपत्तिमा पारेकोमा तिनलाई अपराध बोध भयो ।

तपाईंले कहिल्यै आफ्नो लापरबाहीले अरु मानिसलाई हानी पुर्‍याउनु भएको छ ? अरुलाई चोट पुर्‍याएकोमा पछिबाट तपाईंलाई

नराम्रो अनुभव भएको छ ? नावीकहरुलाई विपत्तिमा पारेकोमा योनालाई नराम्रो महसुस भईरहेको थियो । त्यसकारण उनी नावीकहरुले आँधी चलेको समुद्रमा फालिदिऊन भन्ने चाहन्थे ।

योनालाई समुद्रमा फालेको खण्डमा उनी मर्नेछन् भन्ने नावीकहरुलाई थाहा थियो । तिनीहरुले सोच्न थाले । (परमेश्वर) जसले आँधी पठाउनु भयो । को अगमवक्तालाई मार्न चाहँदैन थिए । तिनीहरुले घोर प्रार्थना गरे । तिनीहरुले जहाजलाई समुद्र तर्फ लैजाने कोशिस गरे । तर सफल भएन । वास्तवमा आँधी झन उर्लियो ।

अन्त्यमा नावीकहरुले योनाको सल्लाहलाई नै माने । तिनीहरुले परमेश्वरलाई पुकारे अनि योनाको मृत्युको जिम्मेवारी बहन गर्न नपरोस् भनी बिन्ती गरे । त्यसपछि तिनीहरुले योनालाई समुद्रमा फालिदिए । अनि तुरुन्तै आँधी थामियो । समुद्र शान्त भयो ।

परमेश्वर अझ नियन्त्रणमा नै हुनुहुन्थ्यो । योना मरेको थिएनन् ।

ठीक त्यसैबेला परमेश्वरले एउटा ठूलो माछा योनालाई सिङ्गै निल्नको लागि पठाउनु भयो । योना त्यस माछाको पेटभित्र तीन दिन र तीन रातसम्म रहे ।

ती मानिसहरु अझ भयभित थिए । तिनीहरुले भर्खरै परमप्रभु परमेश्वरको महान शक्ति देखेका थिए । तिनीहरुले उनको भविष्यवक्ता भर्खरै समुद्रमा फालेका थिए । तसर्थ तिनीहरुले परमेश्वरसँग धेरै नै प्रार्थना गरे । अनि उनीहरुसँग नरिसाउनुहोस् भनेर परमप्रभुको निम्ति बलिदान चढाए । आँधी थामियो । जहाज र यसका कामदारहरु सबै सुरक्षित भए । शायद नावीकहरु योप्पा फर्किए अनि त्यहाँ घटेको घटना सबैलाई सुनाए ।

१३.योनाले ती मानिसहरुलाई आफूलाई समुद्रमा ........भनी भने ।

१४.ती मानिसहरु .............को अगमवक्तालाई मार्न चाहँदैनथे

१५.जब आँधी झन उर्लियो, ती मानिसहरुले .......लाई समुद्रमा फालि दिए ।

१६.परमप्रभुले एउटा ठूलो .........योनालाई सिङ्गै निल्नको लागि पठाउनु भयो ।

पेज नं १३-१४ का उत्तरहरु

७. आँधी ८. जहाज ९. सुत्न १०. चिठ्ठा ११. यहोवा १२. परमेश्वर

१७. यसप्रकारले, योना ..........तर माछाको पेटमा......... दिनसम्म जीवित रहे ।

(पेज नं.१८ को तल हेरी आफ्ना उत्तरहरु जाँच्नुहोस् )

**अध्याय–एकको समालोचना :**

योनाको यो एक अध्यायमा परममेश्वरले दिनु भएको कामबाट योना भागेको हामीले देख्यौं । हामीले देख्यौं कि योनाले कसरी आफूलाई परेको विपत्तिमा मानिसहरुलाई पारे । हामीले देख्यौं कि कसरी परमेश्वरले योनालाई भेट्टाउनु भयो । अनि किनारामा पुर्‍याई दिनुभयो । अनि हामीले देख्यौं कि योनाले नावीकहरुलाई आफूलाई समुद्रमा फाल्नु भनेर उनले गरेको कामको जिम्मेवारी वहन गरे ।

अन्त्यमा हामीले देख्यौं कि कसरी परमेश्वरले एउटा ठूलो माछा पठाएर योनालाई सिङ्गै निल्न लगाउनु भयो अनि तीन दिनसम्म जिउँदै र सुरक्षित राखेर बचाउनु भयो ।

तपाईं योनाको पाठ अध्ययनको लागि अघि पढनु भन्दा पहिले निम्न प्रश्नहरुको –उत्तरहरु जानी राख्न निश्चित हुनुहोस् ।

**विवेचना प्रश्नहरु :**

१. तपाईं कुनै यस्तो समयको सम्झना गर्न सक्नुहुन्छ जुन बेला तपाईं परमेश्वरबाट भागेर कतै जानुभयो । जुन तपाईंले गर्नु हुन्थ्यो भन्ने तपाईंलाई थाहा थियो ? हामी मध्ये धेरै जना उहाँको वचन नपढेर अनि मनन नगरेर, जुन हामीले गर्नु पर्दथ्यो, परमेश्वरबाट भाग्दछौं ।

२. तपाईं परमेश्वरबाट कुन बेला भाग्नु भयो भन्ने ठीक समय सम्झन समर्थ हुनुहुन्छ भने, तपाईंको कार्यले अरु मानिसलाई कति हानी गर्‍यो वा जोखिममा पार्‍यो भन्ने सम्झना राख्नु हुन्छ ? तपाईंको क्रियाकलापले कसैलाई हुनसक्छ । छोराछोरीलाई वा जीवन साथीलाई (पति वा पत्नि) वा साथीहरुलाई चित्त दुखाएको छ ?

३. परमेश्वर तपाईं कहाँ कहिले र कसरी आउनु हुन्छ भन्ने तपाईं देख्न सक्नुहुन्छ ताकि तपाईं उहाँ कहाँ फर्कनु हुनेछ ?

परमेश्वर हामी कहाँ आउनुहुन्छ त्यसैले हामी हाम्रो कार्यको जिम्मेवारी लिँदछौं । हाम्रो गलत कर्म र अपराधहरु उहाँ समक्ष स्वीकार गर्दछौं, अनि उहाँको क्षमा र कृपा प्राप्त गर्दछौं ।

पेज नं.१६-१७ का उत्तरहरु :

१३. फाल ; १४. परमप्रभु ; १५. योना ; १६. माछा १७. मरेनन, तीन

यथार्थमा, यही त हो योनाको पुस्तक अनि हाम्रो जीवन । हामी परमेश्वरको कृपामा बाँच्दछौं । हामीमा यो बर्साइएको छ ! तर जब हामी परमेश्वरबाट भाग्दछौं । हामी त्यो सबै दया छुटाउँदछौं । परमेश्वर त्यस्तो हुन दिन चाहनु हुन्न । उहाँ हामीलाई फेला पार्नु हुन्छ । अनि उहाँको दयामा हामीलाई फर्काएर ल्याउन उहाँ जे पनि गर्नु हुन्छ । योनाको पुस्तक पढ्दाखेरि यो कुरा ख्याल गर्नु होला : परमेश्वरले जहिले पनि हामीलाई उहाँको कृपामा फर्काएर ल्याउने कोशिस गर्नु हुन्छ ।

अब हामी योनाको अध्याय एकमा हामीले के सिक्यौं पुनरावलोकन गरौं । तल –दिइएको परीक्षा

एक –अध्यायको निम्ति हो ।

यो परीक्षा दिनु भन्दा पहिले यस अध्यायको प्रत्येक पाठहरु दोहोर्‍याउनुहोस् । यी प्रश्नहरु र उत्तरहरु राम्ररी हेर्नुहोस् । प्रत्येक उत्तर राम्ररी बुझेको वा नबुझेको पत्ता लगाउनुहोस् । अनि मात्र अध्याय एकको परीक्षा दिनुहोस् ।

## एक अध्यायको परीक्षा

१. योना ....................थिए ।

क) भविष्यवक्ता ख) इस्राएलका ग) निनवेमा जान भनियो
घ) माथिको सबै ।

२.योना ........... बाट भागे ।

क) योप्पा       ख) परमप्रभु       ग) नावीकहरु

३.आँधी कसको कारणले आएको थियो भन्ने पत्ता लगाउनलाई नावीकहरुले :

क) चुनाव गरे       ख) कप्तानलाई सोधे       ग) चिट्ठा हाले

४.योनालाई ज्ञान थियो कि आँधी ...........................थियो ।

क) उनको दोष
ख) प्राकृतिक प्रकोप
ग) भुमण्डलीय तापक्रमको कारणले

५. जब नावीकहरुले योनालाई समुद्रमा फाले पछि :

क) परमेश्वर रीसले चुर हुनुभयो
ख) योना तुरुन्तै मरे
ग) एउटा ठूलो माछाले जहाज ध्वस्त पार्‍यो
घ) माथिको कुनै पनि होइन ।

६. योना माछाको पेटमा .............................थिए ।

क) तीन दिनसम्म
ख) नावीकहरुले सहायता नपाउञ्जेलसम्म
ग) उनी निस्सासिएर नमरुञ्जेलसम्म ।

( पेज नं. ६९ मा  हेरेर तपाईको उत्तरहरु जाँच्नुहोस् )

## अध्याय– दुई

# परमप्रभुको कृपामाथि विश्वास गर्नु

२ योनाले माछाको पे६भित्रबाट परमप्रभु आफ्ना परमेश्वरलाई प्रार्थना गरे ।

२ तिनले भने ,

“मैले आफ्नो सङ्कष्टमा परमप्रभुमा पुकारा गरें, र उहाँले मलाई जवाफ दिनुभयो । चिहानको गहिराइबाट सहायताको निम्ति मैले पुकारें, र तपाईले मेरो क्रन्दन ध्यानसित सुन्नुभयो ।

३ तपाईले मलाई समुद्रको गहिराईभित्र, समुद्रको मुटुभित्रै फालिदिनुभयो, र प्रवाहहरु मेरा चारैतिर घुमे । तपाईंका सबै छालहरु र लहरहरुले मलाई डुबाए ।

४ मैले भने, म त तपाईको दृष्टिबाट निकालिएको छु, तैपनि म फेरि तपाईंको पवित्र मन्दिरतिर हेर्नेछु ।

५ डुबाउने पानीले मलाई तर्सायो, समुद्रको गहिराइ मेरो चारैतिर थियो, समुद्रको झ्याउहरु मेरो टाउकोभरि बेहेरिएका थिए ।

६ म त डाँडाहरुका फेदीसम्मै तल डुबें, पृथ्वीले मलाई सदाको निम्ति थुनिदिनुभयो । तर हे परमप्रभु मेरा परमेश्वर, तपाईहरुले मेरो ज्यानलाई खाल्डोबाट उठाएर ल्याउनुभयो ।

७." जब मेरो प्राण गलिसकेको थियो, तब मैले, हे परमप्रभु, तपाईंलाई सम्झें, र मेरोप्रार्थना तपाईंकहाँ उठयो, तपाईंको पवित्र मन्दिरभित्रै पुग्यो ।

८ "जस जसले व्यर्थका मूर्तिहरुतिर मन लगाउँछन्, तिनीहरुले पाउनुपर्ने अनुग्रहबाट तिनीहरु वञ्चित हुन्छन् ।

९ तर म त धन्यवादको स्तुतिसहित तपाईमा बलिदान च९ाउने५' । मैले जे भाकलगरेको ५', सो म प रा गर्ने५' । उ४ार परमप्रभ'बाद्दै ह'न्५ ।"

१० तब परमप्रभुले माछालाई आज्ञा गर्नुभयो, र त्यसले योनालाई पाखामा उकेलिदियो ।

जब योनाको लागि परिस्थिति एकदमै नाजुक भयो । तब तिनले कहाँ सहारा लिन पुगे भन्ने बारेमा । यो अध्ययनको अध्याय दुईले बताउँछ । पहिलो अध्यायको बारेमा यसो विचार गर्नुहोस त ! उनले गर्नुपर्ने कामलाई ५ो८ी परमेश्वरबाट भाग्दाखेरि , भयंकर आँधी निम्त्याएर अनि जहाजका नावीकहरुलाई खतरामा पार्दाखेरि; आफ्ना

गल्तीहरु महसुस गर्दा खेरि, उर्लिएको -समुद्रमा फालिदा खेरी ; एउटा विशाल माछाले निल्दाखेरी ; योना जीवनको अन्तिम अवस्थामै पुगीसकेका थिए । मरेको भएपनि हुन्थ्यो भन्ने उनले सोचिसकेका थिए । नावीकहरुले उनी मरिसके भन्ठाने । तर योना मरेका थिएनन् । परमेश्वरले माछा पठाएर योनाको बडो अचम्म तरिकाले उद्धार गर्नुभयो । सहाराको निम्ति योना चिच्याउने बेला हो यो । यस अध्यायमा, तपाईंले थाहा पाउनु हुनेछ :

* योनाले आफ्ना कठिनाइहरुको सामना कसरी गरे ,

* योनाले विपत्तिमा कसरी परमेश्वरको प्रशंसा गरे अनि उहाँलाई धन्यवाद दिए ,

* हामी जहाँ भएता पनि परमेश्वर कसरी आइपुग्नुहुन्छ, अनि

* बन्धनमा, निरीक्षणमा राखिनुको अर्थ जीवित र सुरक्षित रहनु हुनसक्छ ।

योनाले थाहा पाए कि उनी निर्दोष छैनन् । उनलाई थाहा थियो कि तिनी परमेश्वरबाट भागेका थिए । परमेश्वरले दिनुभएको कामबाट पनि तिनी भागे । उनी परमेश्वरको कृपा अनि प्रेम बाट पनि भागे । परमेश्वरले योनालाई निल्नको निम्ति माछा पठाएर उर्लिएको

समुद्रबाट बचाउनु भएको सत्य कुरा अहिले माछाको पेटभित्र रहेको योनालाई बल्ल थाहा भयो । योनालाई परमेश्वरको कृपाले स्पर्श गर्‍यो । योना त भागेका थिए, तर उनलाई उद्धार गर्न परमेश्वर नै उनको पछि लाग्नुभयो । त्यसबेला सहारा ,सहयोगको निम्ति चिच्याउने व्यक्ति उनी नै थिए ।

पहिलो र अन्तिम पदहरु बाहेक, योनाको दोस्रो अध्याय प्रार्थना हो । दोस्रो अध्यायमा प्रार्थना सहितको गीत छ । यो योनाले माछाको पेटभित्रबाट गरेको प्रार्थना हो । उनले आफ्नो प्रार्थना “परमप्रभु परमेश्वरलाई सम्बोधन गर्दछन् ।

समुद्रले हुत्याएर डुबाउने निश्चित भएको विपत्ति बारे उनी गीत गाउँदैछन् । उनले आफ्नो प्रार्थना गर्दाखेरी परमेश्वरलाई पुर्कादछन । परमेश्वरले माछा पठाएर उनको प्रार्थनाको प्रत्युत्तर कसरी दिनु भयो, भन्ने परमेश्वरको कृपा बारेमा गाउँदैछन् । योना भन्दछन् कि उनी पानी भित्र हुँदा खेरी परमेश्वरले आफ्नो गल्तीको सजाय दिन लागेको हो भन्ठानेको थिए । तर जब उनलाई निल्न माछा आयो । तब उनलाई परमेश्वरले प्रेम गर्नु हुँदो रहे५ भन्ने बोध भयो ।



परमेश्वरले योनालाई बचाउनु भयो अनि निनवेमा जानको निम्ति आज्ञा दिनुभयो ।

योना परमेश्वरको कृपाले चकित भए । उनी भन्दछन् कि उनले प्रार्थना गर्ने बित्तिकै उनको प्रार्थना सोझै परमेश्वरकहाँ पुग्यो । परमेश्वरले उनको प्रार्थना सुन्नुभयो अनि जवाफ दिनुभयो ।

१. योनाको पुस्तकको अध्याय २ ........................... हो ।

२. योनालाई थाहा भयो कि परमेश्वरबाट भाग्नु ............................... थियो ।

३. योना परमेश्वरबाट भागेका थिए ।, तथापि परमेश्वरले उनको प्रार्थना ................ ।

४. जब योना जीवनको अन्तिम घडीमा पुगेका थिए, परमेश्वरले उनलाई ..................... ।

५. योनाको प्रार्थना सोझै ............... कहाँ पुग्यो ।

(आफ्नो उत्तरहरु पेज नं २८ को तल हेर्नुहोस )

योनाको गीत हाम्रो निम्ति पढ्न र मनन गर्न असल छन् । यसले हामीलाई सम्झाउँदै छ कि हामीले परमेश्वरलाई प्रेम नगरे पनि, उहाँबाट भागेता पनि परमेश्वरले अझ पनि हाम्रो प्रार्थना सुन्नुहुन्छ । हामी जहाँसुकै भएता पनि परमेश्वरले हाम्रो प्रार्थना सुन्नुहुन्छ अनि जवाफ दिनुहुन्छ ।

परमेश्वर यति कृपालु अनि दया गर्ने हुनुहुन्छ कि उहाँ हाम्रो पापहरु क्षमा गर्नुहुन्छ अनि हामीलाई समस्या बाट उद्धार गर्नुहुन्छ । योनाको जस्तै हाम्रो सबैभन्दा खराब समर्थन, विपत्ति भनेकै पाप  हो । पाप भनेको जे कुरा परमेश्वर गर्नु हुन्न भन्नु हुन्छ, त्यही काम हामीले गर्नु हो अथवा जे खराब छ त्यही गर्नु नै पाप हो । जुन काम अयोग्य छ । गर्नुहुँदैन भन्ने हामीले थाहा पाउदा-पाउदै हामी त्यो काम गर्दछौ भने, हामी पाप गर्दछौ । जहाँ जानु हुँदैन भन्ने हामीलाई थाहा हुँदा हुदै त्यहाँ जान्छौ भने, हामी पाप गर्दछौं । हामी जो सँग हुनुहुँदैन भनी जान्दा-जान्दै उही सँग रहन्छौ भने, हामी पाप गर्दछौ । हामी जब परमेश्वरबाट अनि परमेश्वरले हामीलाई अह्राएको काम बाट भाग्दछौँ तब हामीले पाप गर्दछौं । यी सबै नै पाप हुन । पापको बारेमा हामी केही पनि गर्न सक्दैनौ । हामी स्वयंम यसको विरुद्ध लड्न दुर्बल छौं । यदि हामीले कोशिष नै गरेनौ भने हामी अझ पाप गर्न नै लागि पर्छौं ।


हामी हाम्रो पापको क्षतिपूर्ति पनि गर्न सक्दैनौ किनकि हाम्रो स्वार्थीपन र पापले हाम्रो हरेक क्रियाकलापलाई छुन्छ । जति धेरै कोशिष गर्छौ । त्यति नै हामी स्थिति बिगार्छौं । अनि हामीले पटक्कै प्रयत्न गरेनौ भने, हामी अझ पाप गरेको-गरेकै हुनेछौ । त्यो पनि अर्थहीन देखिन्छ । हामी उर्लिएको समुद्रको पानीभित्र रहेका योना जस्तै हौं ।

तर योनाले परमेश्वर को हुनुहुन्छ भनि चिने । परमेश्वरले उनलाई सबभन्दा खराब विपत्ति, पापबाट समेत उद्धार गर्न सक्नुहुन्छ भन्ने उनले थाहा पाए । परमेश्वरले योनालाई अनि हामीलाई उहाँको पुत्र येशू ख्रीष्ट यस संसारमा पठाएर उद्धार गर्नुहुनेछ । योनाले जहिलेसुकै गरेका सम्पूर्ण पापहरुको दोष येशूले लिनुभयो । हामीले जहिलेसुकै गरेका पापहरु साथै संसारका सबै मानिसहरुले जहिले सुकै गरेका र पछि गर्ने सम्पूर्ण पापहरुको दोष येशूले लिनुभयो अनि उहाँ ती सबै पापहरुको निम्ति दण्डित हुनुभयो । परमेश्वरले हाम्रो पापको निम्ति हामीलाई  दण्ड नदिएर येशूलाई दण्ड दिनुभयो । खासमा, येशू हाम्रा पापहरुको मोल चुक्ता गर्नको निम्ति मर्नुभयो । येशूले तिरिएको मोल बाट परमेश्वर यति सन्तुष्ट हुनुभयो कि उहाँले येशूलाई मृत्यु  बाट व्युँउताउनु भयो, ताकि येशूले संसारलाई यसका सम्पूर्ण पापहरुबाट बचाउनु भयो भन्ने प्रमाणित होस् ।

अब ती पापहरुको मूल्य चुक्ता भइसकेको छ । हाम्रो पापहरुले परमेश्वरको अघि हामीलाई दोषी ठहर गर्न सक्ने छैन । अदालतको न्यायधिश झै परमेश्वरले हामीले जहिलै सुकै गरेका सबै पापहरुबाट निर्दोष साबित गरिदिनुभयो । किनकि येशूले ती सबैका निम्ति सजाय भोगी सक्नु भयो । योनालाई थाहा भयो कि हामीलाई

पेज नं. २६ को उत्तरहरु :

१. गीत वा प्रार्थना  २. गल्ती  ३. सुन्नुभयो ४. उद्धार गर्नुभयो  ५. परमेश्वर



An angel tells the women that Jesus is alive and his grave is empty.

एक मात्र परमेश्वरले हाम्रो पापबाट उद्धार गर्नुहुनेछ । त्यसैकारण उनले परमेश्वरलाई पुकारे अनि परमेश्वरले सुन्नुहुनेछ भनी जाने । यद्यपि योनाले भागेर  परमेश्वरको आज्ञा भ० गरे, तथापि परमेश्वरले उद्धार गर्नुहुनेछ भनि उनलाई थाहा थियो ।

त्यसैकारणले उनी आफ्नो प्रार्थनामा यदि ढुक्क थिए । उनको गीतको अन्तिम चरणमा योना कसरी परमप्रभु परमेश्वर नै एक मात्र परमेश्वर हुनुहुन्छ भन्ने बारे गाउँछन् । जब मानिस अरु परमेश्वरको आराधना गर्छन, तिनीहरुले व्यर्थका मूर्तिहरुको प्रार्थना गरिराखेका हुन्छन् । अनि तिनीहरु कि हरेस खाएर परमेश्वरको कृपाबाट वञ्चित हुन्छन्, कि त भाग्छन्  ।

तर योना होइन ! योना परमेश्वरको भक्ति र गुण गाउँछन् अनि परमेश्वरलाई कहिले पनि नत्यागने बाचा गर्छन । माछाको पेटमा हुँदा पनि योनाले आफूलााई बचाउनु भएकोमा परमेश्वरलाई धन्यवाद दिए ।

परमेश्वर योनालाई बचाउन पक्कै आउनुभयो ! परमेश्वरले योनालाई माछाको पेटभित्रबाट पश्चात्ताप गर्नको लागि मौका दिन' भयो र योना समुद्रको किनारमा सुरक्षित आइपुगे ।

६. हामी जस्तै  योनाको सबैभन्दा नराम्रो विपत्ति........................ थियो ।

७.पाप भनेको हामीले गरेका सबै कुरा हुन जुन .......................... छन् ।

८. एक्लो छोडिदिँदा हामी पापको अगाडि .................................. हुन्छौ ।

९. परमेश्वरले आफ्नो प'त्र ......................... लाई हामीलाई पापबाट छुटकारा दिन पठाउनुभयो ।

१०. येशूले हामीलाई हाम्रो पापको .............................. भोगेर बचाउनुभयो ।

११. येशूले हाम्रो पापको म ल्य .................................. बाट चुकाउनुभयो ।

१२. आफू माछाको ...... मा ह० ुदा पनि योनाले आफूलाई बचाउनु भएकोमा परमेश्वरलाई धन्यवाद दिए ।

१३. परमेश्वरले माछालाई .............मा योनालाई...................... .....आदेश दिनुभयो ।

पेज नं. ३२ मा तपाईको उत्तरहरु जा० च्न'होस ।

परमेश्वरको कृपाबाट भाग्न सजिलो छ । अनि पाप गर्न झनै सजिलो छ ! हामीले पाप गरेका छौ भन्नको निम्ति आँट चाहिन्छ ।

तर यो सत्य हो । येशू विना हामी हराउथ्यौ । परमेश्वर हामीलाई सत्य मार्ग देखाउन अनि पापबाट उद्धार गर्न आउनुभयो । हामी जहाँ भएपनि अथवा जहाँ रहेतापनि परमेश्वर हामीलाई बचाउनको निम्ति सधै भरि हाम्रो साथमा रहिरहनु हुन्छ । हामी पनि योना जस्तै परमेश्वरको क्षमाको बारेमा निश्चित हुनु पर्दछ । हामीले पनि योनाले जस्तै परमेश्वरमा दृढता साथ येशू खीष्टमा विश्वास राखेर प्रार्थन गर्नु पर्छ ।

## अध्याय २ को परीक्षा

*(सबैभन्दा उपयुक्त उत्तरमा गोलो चिन्ह लगाउनुहोस् ।*

१.माछाको पेटभित्र योना :

क. रोए　　　　ख. सुते　　　　ग. गीत गाए

२. योनाले परमेश्वरलाई ............ को निम्ति गुहारे ।

क. बचाउनु　　　　ख. खानेकुरा　　　　ग. जहाजलाई फर्काउन

३. योनाको सबैभन्दा खराब समस्या .......... थियो ।

क. समुद्र　　　　ख. माछा　　　　ग. पाप

पेज नं. ३०-३१ का उत्तरहरु : ६. पाप　७. गल्ती,खराब ८. असमर्थ
९. येशू　खीष्ट　१०. सजाय ११. मृत्यु १२. पेट १३. किनारा, मुखबाट निकाल्न

४. परमेश्वरले योनालाई आफ्नो पापबाट मुक्त गराउनको निम्ति ............. पठाउनुभयो ।

क. चेला          ख. आफ्नो पुत्रलाई , येशू     ग. खाना र पानी

५. येशूले ....... को पापको सजाय भोग्नुभयो ।

क. योना          ख. हाम्रो ग.यहूदीहरु          घ. माथिका सबै

६. येशूले हाम्रा पापका निम्ति प्राण त्याग्नुभएको हो भनेर जान्नुको अर्थ :

क. हामीले परमेश्वरलाई योनाले जस्तै हामीलाई बचाउनुको निम्ति प्रार्थना गर्न सक्छौ।

ख. हामीले संसारमा गएर जति पनि पाप गर्न सक्छौ ।

ग. परमेश्वरले हामीलाई जेल बाट तुरुन्तै निकालिदिनुहुन्छ ।

७. योनाले भनेका थिए । सबै जो झुटा परमेश्वरका प्रार्थना गर्छन, उनीहरुले त्यागेका हुन्छन् :

क. आफ्ना अधिकार

ख. परमेश्वरको कृपा

ग. आफ्ना रमाईला दिनहरु

८. परमेश्वरले योनाको ................ सुन्नुभयो ।

क. किचकिच      ख. पौडिएको आवाज      ग. प्रार्थना

९. परमेश्वरले माछालाई योनालाई ..........................भन्नुभयो ।

क.  योना खान

ख. किनारामा मुखबाट निकाल्न

ग. जहाजमा फर्की आउनु

( पेज नं. ६९ मा  तपाईका उत्तरहरु जाँच्नुहोस । )

अध्याय – तीनमा जानुभन्दा अगाडि योनाको प्रार्थनाबाट के सिक्नुभयो भन्ने बारेमा बिचार गर्न केहि समय लिनुहोस । के तपाइलाई यस्तो समयको सम्झना छ जुन बेला तपाई जीवनको सबैभन्दा नराम्रो क्षणमा हुनुहुन्थ्यो, तर परमेश्वरले तपाईलाई भेट्टाउनुभयो ? के तपाइलाई आज परमेश्वरले आफ्नो प्रार्थना सुन्नुहुन्छ जस्तो लाग्छ ? के तपाइलाई विश्वास छ कि येशूले तपाईको पापको सजाय भोग्नुभयो ? के तपाइलाई थाहा छ ? किनकि तपाईको पापको भार येशूले लिनुभएको छ । तपाईको मृत्युपश्चात तपाई स्वर्ग जानसक्नुहुन्छ ? के तपाईले परमेश्वरलाई उहाँको कृपाको अदभुत उपहारको लागि धन्यवाद दिनुभयो ।



One man came back to thank Jesus.



योसेफले आफ्ना दाज्यु भाइहरुलाई अँगालो हाले अनि तिनीहरुलाई क्षमा गरे ।

## अध्याय– तीन

# परमेश्वरको कृपामा फर्की आउनु

३. तब परमप्रभुको वचन दोस्रो पल्ट योनाकहाँ आयो : २ “त्यस ठूलो शहर
निनवेमा जा, र म जे समाचार तँलाई दिन्छु, सो त्यहाँ घोषणा गर् । ”

३ योनाले परमप्रभुको वचन पालन गरेर निनवेमा गए । अब निनवे एक अत्यन्तै
प्रख्यात शहर थियो । त्यो हेर्नलाई तीन दिन लाग्दथ्यो । ४पहिलो दिन योना
शहरभित्र पसे । तिनले यसो भनेर घोषणा गरे, “अबको चालीस दिनमा निनवे
नष्ट हुनेछ ” ५निनवेका मानिसहरुले परमेश्वरमा विश्वास गरे । तिनीहरुले
उपवासको घोषणा गरे, र तिनीहरुका ठूला साना सबैले भाङ्ग्रा लगाए ।

६जब त्यो खबर निनवेका राजाकहाँ पुग्यो, तब उनी आफ्नो सिंहासनबाट उठे, उनले आफ्नो राजपोशाक फुकाले र भाङ्ग्रा लगाएर खरानीमा बसे । ७तब उनले निनवेमा यसो भन्ने घोषणा गरे । “राजाको र भारदारको उर्दीअनुसारः कुनै मानिस वा पशु, गाई गोरु वा भेडाबाखा, कसैले केही खानेकुरा नखाओस्, नता केही पिओस् । ८तर मानिस र पशुले भाङ्ग्रा लगाउन्, र परमेश्वरमा पुकारा गरुन् । तिनीहरु आफ्ना कुमार्गबाट फर्कून्, तिनीहरुले गर्ने उपद्रव त्याग गरुन् । ९कसले जान्दछ ? परमेश्वरले मन नरम गर्नुहोला र दया गरेर आफ्नो भयानक रीसबाट फर्कनुहोला । यसरी हामी नष्ट हुनेछैनौं ।”

१०तिनीहरुले के गरे र कसरी तिनीहरु आफ्ना कुमार्गबाट फर्केर आए भन्ने परमेश्वरले देख्नुभयो । तब उहाँलाई दया आयो, र तिनीहरुलाई सर्वनाश गर्छु भनी गर्नुभएको धम्कीअनुसार उहाँले गर्नुभएन ।

आफूलाई जहाँ सुरु गरे, योना त्यहीं फिर्ता भए जस्तो छ । परमेश्वरले उनलाई काम दिनुभएको थियो । योना त्यो काम बाट भागेका थिए । परमेश्वरले उनलाई भेट्टाउनुभयो । योनाले आफ्नो पापको सामना गरे अनि आफूलाई बचाउनको लागि परमेश्वर सँग बिन्ती गरे । परमेश्वरले उनलाई बचाउनुभयो अनि सुख्खा जमिनमा ल्याउनुभयो । यदि तपाई योना हुनुभएको भए अहिले के सोचिरहेको हुनुहुन्थ्यो ?

यदि तपाई अरु मान्छे जस्तो हुनुहुन्छ भने तपाईको एक मनले सोचिरहेको होला । “हे परमेश्वर, मेरो जीवन बचाउनु भएकोमा धेरै धेरै धन्यवाद । तपाईले अह्राउनु भएको काम त अब मैले नगरे पनि हुन्छ, हुँदैन र ?”

यो कुरा सत्य हो । धेरै जसो हामी परमेश्वरले बचाउनु भएकोमा आभारी भए पनि उहाँले अह्राउनु भएको काम गर्न तत्पर हुँदैनौ । हामी अझै पनि हामीलाई प्यारो लाग्ने कुराहरु परमेश्वरको निम्ति त्याग्न तयार हुँदैनौ । अनि हामी प्राय आफ्ना पुराना बानीहरुको पासोमा पर्छौ ।

जब हामीलाई परमेश्वरको अपार कृपा थाहा पाउँछौ, हामी आफ्नो जीवन परमेश्वरले भने अनुसार चलाउन चाहन्छौ । येशूको मृत्यु व्यर्थमा भएको होइन । उनको मृत्यु हाम्रो पाप पखाल्नको निम्ति भएको हो । अनि हामीलाई सहि ढङ्गबाट बाँच्न प्रेरित गर्नुभएको हो । साथै परमेश्वरको माया र प्रेम सँग बाँच्न सिकाउनु भएको हो ।

योनालाई अन्त्यमा परमेश्वरको कृपा र प्रेमको बारेमा सबै कुराको ज्ञान भयो । यस पटक उनले परमेश्वरको आज्ञाको पालन गर्ने भए । अध्याय ३ मा योनाले हामीलाई भन्छन् कि उनले आफूलाई गर्न मन नलाग्दा पनि परमेश्वरले अह्राउनु भएको काम उनले गरेर छोडे । यो पाठको अन्त्य सम्ममा तपाईलाई योनाको बारेमा यी कुराको ज्ञान हुन्छ :

* कसरी उनी परमेश्वरको विश्वास र कृपा तर्फ फर्किए ।

* तर आफूलाई मन नलाग्दा पनि उनले जे ठीक हो त्यही नै गरे अनि ।

* परमेश्वरको कृपा र काम प्रत्क्षय रुपमा देखे ।

तपाई पनि कसरी तपाईको जीवनमा यस्तौ प्रकारको भरोसा छ भन्ने कुरा देख्नुहुनेछ ।

तपाईलाई सम्भना होला । अध्याय एकको योनाको पुस्तकमा कसरी परमेश्वरले योनालाई अश्शूरीहरुलाई चेतावनी दिन लगाउनुभएको थियो । त्यो चेतावनी अनुसार यदि तिनीहरुले परमेश्वरप्रति भक्ति देखाएनन् अनि पाप गर्न छोड्नेनन् भने तिनीहरुको राजधानी ध्वस्त हुनेवाला थियो । योनालाई चेतावनी दिन जान मन थिएन किनभने अश्शूरीहरु इस्राएलका शत्रु थिए । योनालाई निनवेका मान्छेहरुलाई सजाय दिन मन थियो !

तर परमेश्वरले योनालाई फेरि निनवे जान आदेश दिनुभयो । परमेश्वरले भर्खरै योनालाई बचाउनु भएको थियो । योना आफ्नो पापको प्रायश्चित गर्दै थिए अनि परमेश्वर तर्फ फर्कन चाहन्थे । योनाले परमेश्वरको कृपामा विश्वास राख्न सिकिसकेका थिए ।

योनाले आफ्नो मनको कुरा आफैसँग राखेर परमेश्वरको आज्ञा पालन गर्ने बेला आएको थियो । योनाले नचाहदा नचाहँदै पनि उनले परमेश्वरको आज्ञा अनुसारनै सबै थोक गर्छन । (योना ३:२–३ ) मा परमेश्वरले भन्नुहुन्छ, "त्यस ठूलो शहर निनवेमा  जा, र म जे समाचार तँलाई दिन्छु ,सो त्यहाँ घोषणा गर् ।" योनाले परमेश्वरले भनेको माने अनि निनवे गए । "

बाइबलले हामीलाई भन्छ, निनवे यस्तो ठूलो थियो कि त्यो शहर हेर्नलाई तीन दिन लागेको थियो । तपाईले अरु शहर अथवा अरु ठाउँको बारेमा पनि यस्तै भनेको सुन्नु भएको होला । "सबै कुरा हेर्न तीन दिन लाग्छ । " यस्तो ठूलो थियो निनवे । पछि योनाको पुस्तकमा हामीलाई भनिन्छ कि निनवेमा १२०,००० मानिसहरु बस्छथे ।

योना निनवेमा यता - उती हिड्दै परमेश्वरको सन्देश प्रचार गर्न थाले (योना ३:४)पहिलो दिन योना शहरभित्र पसे । तिनले यसो भनेर घोषणा गरे, :"अबको चालिस दिनमा निनवे नष्ट हुनेछ "

१. परमेश्वरले योनालाई फेरि.................... भनेर भन्नुभयो । ( तीन शब्द)

२. योना आफ्नो ........को लागि दुःखी थिए ।

३. योना .......... निनवे गए ।

४. निनवे एक अत्यन्तै प्रख्यात शहर थियोः । त्यो हेर्नलाई .........दिन लाग्दथ्यो ।

५. योनाले भने कि अबको चालीस दिनमा निनवे ..........हुन्छ ।

(पेज नं. ४२ को तल हेरी तपाईको उत्तरहरु जाँच्नुहोस )

निनवेका मानिसहरुलाई योनाले परमेश्वरको चेतावनी दिने बित्तिकै आश्चर्य भयो । त्यस शहरका मानिसहरु डराए । तिनीहरुले परमेश्वरलाई टेरेका थिएनन् भन्ने कुरा तिनीहरुलाई थाहा थियो । योनालाई जस्तै तिनीहरुलाई पनि आफ्नो पापको पश्चात्ताप भयो । तिनीहरुले परमेश्वरसँग क्षमा माग्ने निधो गरे । बाइबलले निनवेका मानिसहरुले उपवास बसे र भाङ्ग्रा लगाए भन्छ । भाङ्ग्रा र उपवास बसेकोले यो देखाउँछ  कि तिनीहरु सबैले बोरा जस्तो कपडा लगाएर केही नखाई खाली पेट बसे । यी कुराले हामीलाई यो पनि बताउँछ कि तिनीहरु परमेश्वरमा यदि समर्पित भए कि उनीहरुले कपडाको नाममा बोराको कपडा लगाए । तिनीहरु आ–आाफ्नो पापको निम्ति कति पश्चात्तापमा डुबेका छन् भन्ने परमेश्वरलाई देखाउनको लागि आफूलाई दु:ख दिन तयार थिए ।

निनवेका राजा पनि फरक थिएनन् । उनले पनि बोराको लुगा लगाएर खरानी र धुलोमा बसे । खरानी अथवा धुलोमा बस्नु भनेको मरेको मानिस सरह हुनु हो । राजाले आफ्नो पापको लागि यति प्रायश्चित गरे कि उनी मरेको मान्छे सरह भए । अनि राजाले नयाँ कानुन बनाए । शहरको मानिस अनि जनावरले केही खान पिउन नपाउने नियम लगाए । उनीहरुले परमेश्वर सँग आफुलाई क्षमा गरिदिनको लागि प्रार्थना गर्नुपर्ने भयो ।

पेज नं. ४१ को उत्तरहरु : १. निनवे,तर्फ, जा  २. पाप  ३. तुरुन्तै  ४. तीन
५. नष्ट

अनि तिनीहरुले पाप गर्न छोडेर राम्रोसँग बाँच्न थाल्नुपर्ने भयो । “के थाहा, ” राजाले (योना ३:९) मा भने,कसले जान्दछ ? “ परमेश्वरले मन नरम गर्नुहोला र दया गरेर आफ्नो भयानक रीसबाट फर्कनुहोला । यसरी हामी नष्ट हुनेछैनौ ।”

अनि योनाले परमेश्वरको मायाको स्वरुप देखाए । निनवेका मानिसहरुले परमेश्वरतर्फ मन लगाउने बितिक्कै परमेश्वरले तिनीहरुले गरेका सबै प्रायश्चित  देखाउनुभयो । उहाँलाई उनीहरु प्रति दया लाग्यो । अनि उहाँले निनवे शहर ध्वस्त पार्नु भएन । जसरी अध्याय दुईमा परमेश्वरले योना माथि दया गर्नुभएको थियो । त्यसरी नै अहिले उहाँले निनवेको सम्पूर्ण शहरमा आफ्नो दया देखाउनुभयो ।

६. योनाले निनवेमा चेतावनी दिने बितिक्कै त्यहाँका मानिसहरु ................................ ।

७. आफ्नो पापको लागि सबै मानिसहरुलाई ........................ भयो ।

८ शहरको सबै मानिसहरुले ........................ लगाए ।

९. राजाले सबैलाई ..... र ...........बन्द गर्ने आदेश दिए ।

१०. परमेश्वरले मानिसहरुले के गरिरहेका थिए भनेर देखाउनुभयो । अनि उनीहरु प्रति ............ गर्नु ।

११. योनाले परमेश्वरको कृपा अनि परमेश्वरले शहर ............ नपार्नु भएको देखे ।

(पेज नं. ४६ को तल हेरी तपाईका उत्तरहरु जाँच्नुहोस ।)

यो अध्यायमा हामीले योना परमेश्वर तर्फ फर्केर आफूलाई मनमा लागेका कुरा गर्न पाएको देख्यौं । उनले निनवेका शहर परमेश्वर तर्फ फर्केको देखे । अनि हामीले निनवेको शहर माथि परमेश्वरले कृपा गर्नुभएको देख्यौ । परमेश्वरले पापीहरु माथि कृपा गर्नुहुन्छ । योनामाथि जस्तै अनि निनवे माथि जस्तै : जब हामी क्षमा र कृपाको लागि परमेश्वर तर्फ फर्कन्छौं, हामीले क्षमा पाउँछौं । परमेश्वर तर्फ फर्किने प्रति परमेश्वरको कृपा सदैव हुन्छ । उहाँले योनाप्रति देखाउनु भयो । अनि निनवेप्रति कृपा देखाउनु भयो । उहाँले तपाई र मप्रति पनि देखाउनुहुन्छ ।

अब तीन अध्यायको परीक्षा दिनको निम्ति यस अध्यायमा भएका प्रश्नहरु दोहोर्‍याउनुहोस् ।

## अध्याय तीनको परीक्षा

(सही उत्तरमा गोलो चिन्ह लगाउनुहोस् )

१. योनालाई बचाउने बितिक्कै, परमेश्वरले :

क. योनालाई अरु नावीकहरुसँग माफी माग्न लगाउनुभयो ।
ख. योनालाई फेरि निनवे जान आदेश दिनुभयो ।
ग. योनालाई घर गएर आराम गर्न दिनुभयो ।

२. योना निनवे ..........................

क. तुरुन्तै गए
ख. जान मानेनन्
ग. सराप्न थाले

३. योनाले निनवेका मानिसहरुलाई निनवे चालिस दिन भित्रमा

........................... हुन्छ भन्ने चेतावनी दिए ।

क. माफी
ख. ध्वस्त
ग. नष्ट

४. निनवेका मानिसहरुले :

क. योनाको खिल्ली उडाए
ख. तुरुन्तै शहर छोडेर गए
ग. परमेश्वरतर्फ मन फर्काए

५. निनवेका राजाको नयाँ कानुन अनुसार शहरका मानिसहरुले :

क. पाप गर्न छोड्नु पर्छ
ख. खान र पिउन छोड्नु पर्छ
ग. परमेश्वरलाई पुकारेर माफी माग्नुपर्छ
घ. माथिका सबै उत्तरहरु ठीक हुन

६. जब परमेश्वरले मानिसहरुले के गरे भन्ने देख्नुभयो, उहाँले :

क. शहर नष्ट पार्नुभयो
ख. योनालाई घर पठाउनुभयो
ग. सबैमाथि कृपा गरेर शहरको विनाश गर्नुभएन

७. परमेश्वरको कृपा उनीहरुमाथि थियो :

क. योना मात्रै
ख. निनवे मात्रै
ग. दुवै योना र निनवे

( पेज नं. ६९ मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस )

कहिले काहिँ हामीलाई परमेश्वरले चाहेको कुरा गर्न गाह्रो हुन्छ। कहिलेकाहिँ हामीले परमेश्वरको इच्छा पूरा गर्नको निम्ति मन पर्ने कुराको पनि त्याग गर्नुपर्छ। परमेश्वरको इच्छा पूरा गर्नको निम्ति योनाले आफ्नो इच्छा ,निनवेको वर्वादीलाई त्याग्नु पर्‍यो।

पेज नं. ३८ का उत्तरहरु : ६. डराए ७. पछुतो ८.कालो बोराको कपडा, बोराको लुगा ९. खान र पिउन १० कृपा ११. नष्ट

तर परमेश्वरको इच्छा अनुसार गरेमा हामीलाई परमेश्वरले प्रतिज्ञा गरी आशिष् दिनुहुन्छ। हामीले योनाले जस्तै गल्ती गर्दा पनि परमेश्वरले आफ्ना सन्तानहरु माथि कृपा गर्नुहुन्छ। परमेश्वरलाई पुत्रले हाम्रो लागि लिनुभएको सजायको सम्झना सदैव हुन्छ। त्यही भएर परमेश्वरको कृपा हामीमाथि हुन्छ। यदि परमेश्वरले हामीलाई एक चीजको ज्ञान होस् भन्ठान्नु हुन्छ। भने त्यो चीज यो हो कि परमेश्वरले सदैव हामी पापीहरु माथि कृपा गर्नुहुन्छ। तपाईले यो पनि भन्न सक्नु हुन्छ कि कृपा भनेको परमेश्वरको अर्को नाम जस्तै हो। साँच्चै नै यहि कुरा परमेश्वरले (प्रस्थान ३४:६,७) मा भन्नुहुन्छ, त्यसपछि परमप्रभु तिनको सामुन्नेबाट गएर यसो भनी घोषणा गर्नुभयो, "परमप्रभु, परमप्रभु टिठयाउनमा भरिपूर्ण र दयालु परमेश्वर, जो क्रोध गर्नमा ढीलो,र प्रेम र विश्स्ततामा प्रशस्त हुनुहुन्छ। उहाँले हजारौं हजारमाथि कृपा देखाउनहुन्छ ,र दुष्टता,विद्रोह र पाप क्षमा गर्नुहुन्छ। तर उहाँले दोषीलाई कुनै किसिमले पनि सजाय दिनुहुन्छ। पिता–पुर्खाका दुष्टताको दण्ड तिनीहरुका छोराछोरी, नातिनातिना, र तेस्रो र चौथो पुस्तासम्म दिनुहुन्छ।"



येशूले हामीलाई प्रेम गर्नु हुन्छ र हाम्रो हेरविचार गर्ने प्रतिज्ञा गर्नुभएको छ ।

## अध्याय–चार

# स्वार्थीपना र परमेश्वरको कृपा

परमेश्वरले निनवेप्रति चासो देखाउनुहुन्छ

४ तर योनालाई यो साह्रै मन परेन, र तिनलाई रीस उठयो । २ अनि तिनले
परमप्रभुलाई यसो भनेर प्रार्थना गरे, “हे परमप्रभु, म आफ्नो घरमा छँदै के मैले
यही कुरा भनेको थिइनँ र ? यसैकारणले त तर्शीशमा भागेर जान मैले आतुरी
गरेको थिएँ । तपाईं अनुग्रहकारी र करुणामय, रीस गर्नमा धैर्यवान्, दयामा
प्रशस्त, र दुःख दिनुमा बेखुशी हुनुहुने परमेश्वर हुनुहुन्छ भनी मैले जानेको थिएँ
। ३ अब हे परमेश्वर, मेरो प्राण लिनुहोस्, किनभने मेरो निम्ति बाँच्नुभन्दा त
मर्नु नै असल छ । ”४तर परमप्रभुले जवाफ दिनुभयो, “के रीस गर्न तेरो हक
छ र ?”

५ तब योना शहरबाट निस्केर त्यस शहरका पूर्वपट्टिका एउटा ठाउँमा गएर बसे
। तिनले त्यहाँ एउटा छाप्रो बनाए, र त्यस शहरलाई के हुँदोरहेछ सो हेर्नलाई
त्यसैको छायामा बसे । ६ तब परमप्रभु परमेश्वरले एउटा लौका उमार्नुभयो, र
योनाको शिरमा त्यो छाया होस् र तिनको दुःखहरण होस् भनेर त्यसलाई
बढाउनुभयो । यसैले लौकाको कारण योना अत्यन्तै खुशी भए । ७ तर
भोलिपल्ट बिहान उज्यालो हुँदा परमेश्वरले एउटा कीरालाई खटाउनुभयो, र
त्यसले त्यस लौकालाई खाइदियो, र त्यो ओइलाइहाल्यो । ८ सूर्य उदाएपछि
परमेश्वरले पूर्वदेखि पोल्ने बतास चलाइदिनुभयो, यतिसम्म कि घाम
टन्टलापुरसित योनाको टाउकोमा पर्‍यो र तिनी मूर्च्छा परे, र मर्ने इच्छा गरेर
भने, “मेरो निम्ति बाँच्नुभन्दा त मर्नु नै असल छ । ”

९ तर परमेश्वरले योनालाई भन्नुभयो, “के लौकाको कारण रिसाउनु तेरो हक
छ ? ”

तिनले भने, “मेरो हक छ । म मरुञ्जेलसम्मै रिसाउँछु । ”

१० तर परमप्रभुले भन्नुभयो, तैंले नस्याहारेको अथवा नउमारेको यस लौकाको
लागि यति चिन्तित भइस् । एकै रातमा बढयो, र एकै रातमा नष्ट पनि भयो ।
११ तर निनवे शहरमा एक लाख बीस हजारभन्दा बढ्ता मानिसहरु छन्, जसले
दाहिने र देब्रे हातै चिन्न सक्दैनन्, र त्यसमा धेरै गाई बस्तुहरु पनि छन् । के
मैले त्यस ठूलो शहरको निम्ति फिकी नगरुँ ?”

तपांई आफूले जे गर्न मन लाग्यो त्यो गर्न नपाउदा के गर्नुहुन्छ ? जब परमेश्वरले तपांईले भने जस्तो अथवा चाहे जस्तो गरी चलाउनु हुन्न, के तपाईं रिसाउनु हुन्छ ? आफुले चाहेको जस्तो गरी

सबै कुरा नचलाइ दिए, के कहिले कही तपाईं परमेश्वर पक्षपाती हुनुहुन्छ भन्ने भन्ठान्नुहुन्छ ?

यदि तपाईं मानिस हो भने तपाईं पक्कै पनि रिसाउनु हुन्छ । हामी सबै रिसाउँछौ तर के हामी ठीक छौ ? के हामीले रिसाउनु उचित हो ? के परमेश्वर कहिले काहिँ पक्षपाती हुनुहुन्छ ?

हामीले यो विश्वास गर्न कहिले काहीँ गाह्रो भएपनि यसको उत्तर सधारण छ, **होइन** । परमेश्वर कहिले पनि पक्षपाती हुनुहुन्न, अनि परमेश्वर कहिले पनि गलत हुनुहुन्न ।

त्यसैकारण जब हामी परमेश्वरसँग रिसाउँछौ । हामीले परमेश्वरको दयालाई होइन । आफ्नै इच्छाहरुलाई हेरिरहेका हुन्छौ । यदि हामीले परमेश्वरले बुझे जति सारा कुरा बुझ्ने भइ दिएको भए, परमेश्वरले गर्नुभएको सारा काम कुराहरु प्रेमको खातिर भएका छन् भनेर हामीले देख्ने थियौं । उहाँले गर्नुभएको काम कुराहरु हाम्रो भलाइको निम्ति अनि उहाँको राज्यको भलाइको निम्ति हो ।

त्यसकारणले जब हामी परमेश्वरसँग रिसाउँदछौं । हामीले परमेश्वरको कृपालाई होइन । तर आफ्नै भावनालाई हेरिरहेका हुन्छौ । त्यस्ता भावनाहरुलाई हामी "स्वार्थीपना" भन्दछौं । जसले आफ्नो इच्छा अनुसार जे पनि चलोस वा आफूले चाहेको जे पनि प्राप्त होस् भन्ने जनाउँछ । तसर्थ परमेश्वर धेरै कृपालु भएता पनि, उहाँसँग हामी प्राय:जसो रिसाउँदछौं । योना यो भन्दा  पक्कै अलग थिएनन् ।

योना मानिस भएकाले नै पापी थिए । योनामा हामी अरु -मानिस जस्तै स्वार्थीपना भएकोले उनी एकत्रित थिए । यस अध्यायमा योना परमेश्वरसँग, उहाँ पक्षपाती हुनुभएको कारणले होइन तर उहाँ कृपालु हुनु भएको कारणले कति धेरै रिसाएका थिए भन्ने थाहा पाउँदछौ । योनाले आफ्नो अहंकारलाई परमेश्वरसँगको प्रेम अनि उहाँले गरेको कृपा वापद दिइने धन्यवादलाई बाधा दिन छोडी दिए । यो अध्याय पढि रहँदा योनाको यस कथामा अहिले सम्म घटेका सम्पूर्ण घटनाहरु बारे सम्झना राख्नुहोला । यस अध्यायको अन्तसम्ममा तपाईं जान्नुहुनेछ :

* परमेश्वरको कृपाको कारणले उहाँप्रति योनाको रीस

* योनाको आत्म- केन्द्रित इच्छाहरु स अनि

* परमेश्वर योना र निनवे प्रति कसरी दयालु रहनु भयो

योना तीन अध्यायको अन्तले खास गरेर  परमेश्वरले निनवेलाई,हामीलाई कृपा गर्नु भयो र त्यस शहरलाई नष्ट पार्नु भएन भन्ने बतायो । योनाको अध्याय चारको शुरुका शब्दहरु यी हुन् "तर योनालाई यो साह्रै मन परेन, र तिनलाई रीस उठयो ।"

स्मरण रहोस योना इस्राएलका बासिन्दा थिए उहाँले अश्शूरीहरुलाई घृणा गर्दथे किनकि अश्शूरीहरु इस्राएलसँग युद्ध लड्दै थिए । परमेश्वरले उहाँको रीसबारे अश्शूरीबासीहरुलाई चेतावनी दिनको

निम्ति अश्शूरको राजधानी निनवे जान अह्राउनु भयो । परमेश्वरले निनवेका मानिसहरु दुष्ट प्रवृति बाट फर्कून भन्ने चाहनु हुन्थ्यो । ताकि उहाँले तिनीहरुलाई सखाप पार्न नपरोस् । तर योना भने निनवे जान चाहँदैनथे । उनले अश्शूरीहरुलाई परमेश्वरले सखाप पारुन भनी घृणा गर्नुको कारण तिनीहरु इस्राएलका शत्रु भएकोले हो । योनाले अश्शूरीहरुलाई यत्ति घृणा गर्दथे कि उनी परमेश्वरले अह्राएको कामबाट पनि भागे । तर तपाईंलाई अध्याय १ र २ मा के भएको थियो भन्ने थाहा छ ।

योनाले निनवेका मानिसहरुलाई चेतावनी दिन चाहँदैन थिए । किनभने ४ अध्यायमा उनी हामीलाई भन्दछन् कि, तिनीहरु परमप्रभु तर्फ फर्कनेछन् । उनलाई थाहा थियो कि परमप्रभुले उनीहरुलाई दया गर्नु हुनेछ । अनि तिनीहरुलाई सर्वनाश पार्नु हुनेछैन । त्यही कुरा उनी परमेश्वरलाई भन्दछन् । वास्तवमा योना यति दिक्क भएको थिए कि उनले परमेश्वरलाई उनको ज्यान लिन समेत भने । उनी त्यस्तो संसारमा बस्न चाहँदैनन् । जहाँ परमेश्वर इस्राएलका अनि योनाको पनि शत्रुहरुलाई दया गर्नुहुन्छ । योना परमेश्वरसँग रिसाउँदछन् किनभने परमेश्वर दयालु र क्षमाशील हुनुहुन्छ ।

योना कुनै पनि किसिमले हामीहरु वा अरु भन्दा फरक छैनन् । येशूले एकपल्ट भन्नुभएको थियो, “आफ्ना शत्रुहरुलाई प्रेम गर । उनीहरुको निम्ति प्रार्थना गर । ” परमेश्वर हाम्रा शत्रुहरुलाई आशिष्

दिनुहोस् र  उनीहरुलाई क्षमा गर्नुहोस् भनेर उहाँलाई अनुरोध गर्न हामीलाई गाह्रो हुन्छ। हामी सोच्दछौं कि तिनीहरुको यस्तो स्तर राख्दैनौ तर सत्य कुरा के हो भने परमेश्वरको कृपाको प्रतिष्ठा राख्दैनौँ।  त्यसैले यसलाई कृपा भनिन्छ। परमेश्वर कृपाको कदापि स्तर राख्नु हुन्न  । हामी सबैले परमेश्वरको विरुद्धमा पाप गरेकाछौं र उहाँको प्रस्तावलाई समर्थन गर्ने काम गुमाईसकेका छौं।

परमेश्वर दयालु हुनु भएको कारणले गर्दा उहाँले हाम्रो पापको निम्ति मृत्युवरण गर्न र उहाँको प्रस्तावलाई समर्थन गर्ने कामको निम्ति आफ्नो पुत्रलाई पठाउनु भयो। येशू विना कसैको पनि उद्धार हुन सक्दैनथ्यो। योनाले त्यो बिर्से। परमेश्वरको रीसको आफ्नो अनुभव हुँदा-हुँदै पनि योनाले परमेश्वरको दयालाई त्यति चाँडै बिर्से। अनि परमेश्वर उनीप्रति कृपालु हुनु भए पश्चात लगातै यी सबै बिर्सिए।

१. परमेश्वरले निनवे ध्वस्त नपारेपछि योना ........................ ।


२. परमेश्वरले निनवेमाथि ......................... गर्नुहुनेछ भन्ने योनालाई थाहा थियो।

३. योना यति चाँडै रिसाए कि उनले ...................... खोजे।

४. कसैले पनि परमेश्वरको क्षमाको .................. राख्दैन भन्ने योनाले बिर्से।

५. योना परमेश्वरद्धारा भर्खरै मात्र मृत्युबाट ..................... गरिएका थिए।

( पेज नं. ५६ को तल हेरी तपाईका उत्तरहरु जाँच्नुहोस )



येशूले सबै मानिसहरुको पापको मोल चुकाउनको निम्ति कष्ट भोग्नुभयो । अनि मृत्युवरण गर्नुभयो ।

करीब एकै श्वासमा, योनाले आफूलाई बचाएकोमा परमेश्वरलाई धन्यवाद दिए । अनि निनवेका मानिसहरुलाई उद्धार गरेकोमा चर्को स्वरमा कराए । तर परमप्रभुले जवाफ दिनुभयो, “के रीस गर्न तेरो हक छ र ?” (योना ४:४) । सबैको निम्ति परमेश्वर दयालु हुनु पर्दैन र ?

योनाले परमेश्वरको प्रश्नको जवाफ समेत दिएनन् । बदलामा चोसो पसार्छन् । तब योना शहरबाट निस्केर त्यस शहरका पूर्वपट्टिको एउटा ठाँउमा गएर बसे । तिनले त्यहाँ एउटा छाप्रो बनाए, र त्यस शहरलाई के हुँदो रहेछ सो हेर्नलाई त्यसैको छायामा बसे । परमेश्वरले आफ्नो सोच परिवर्तन गर्नुहोला भनेर प्रतिक्षा गर्ने भए । जसरी भएपनि परमेश्वरले त्यो शहर ध्वस्त पार्नुहुनेछ भनि योना बाटो हेर्न लागे ।

तर परमेश्वरले त्यो शहर ध्वस्त पार्नु हुन्न । बस बदलामा, योनाको दुःखहरण होस् भनेर तथा आफ्नो अगाध कृपा दर्शाउनको लागि योनानिर एउटा लौका उमार्नुभयो । त्यो लौकाले योनाको शिरमा छाया होस् भन्नको लागि थियो । बाइबलले भन्छ, “लौकाको कारणले योना अत्यन्तै खुशी भए “(योना ४:६) । योनाले, तसर्थ प्रतिक्षा गरे ।

पेज नं. ५४ का उत्तरहरुः
१. रिसाए २. कृपा ३. मर्न ४. स्तर ५. उद्धार वा बचाउनु

भोलिपल्ट बिहान, परमेश्वरले एउटा कीरालाई खटाउनु भयो र त्यसले त्यो लौकालाई खाइदियो, र त्यो ओइलाइहाल्यो । त्यो छहारीदिने बिरुवा मर्ने बित्तिकै, सूर्य उदाएपछि परमेश्वरले पूर्वदेखि पोल्ने बतास चलाइदिनुभयो । टन्टलापुर घाम योनाको टाउकोमा पर्‍यो र तिनी मूर्च्छा परे, र फेरि मर्ने इच्छा गरेर भने, "मेरो निम्ति बाँच्नुभन्दा त मर्नु नै असल छ । "

तर परमेश्वरले योनालाई फेरि सोध्नुभयो, "के लौकाको कारण रिसाउनु तेरो हक छ ? " (योना ४:९) यसपल्ट योनाले जवाफ दिन्छन्, "मेरो हक छ । म मरुञ्जेलसम्मै रिसाउछु ।

योना आफ्नो इच्छासँग मात्र यत्ति आसक्त भए कि उनी लौकासँग पनि रिसाए । यो सर्वथा अनुचित हो । पहिलो पल्ट परमेश्वरले निनवेमाथि दया गरेकोमा योना परमेश्वरसँग रिसाए । उनी यति विधि रिसाए कि उनले मर्ने नै निधो गरे । अनि त्यसपछि परमेश्वरले योनालाई बिरुवा दिनुभयो अनि त्यसलाई मार्नुभएकोमा उनी (योना) रिसाए । फेरि पनि उनी यत्ति छिटै रिसाउँछन् कि उनी मर्न नै चाहन्छन् । योनाले केवल आफ्नै बारेमा मात्र सोच्दछन् । उनले देख्ने भनेको उनको आफ्नै इच्छाहरु र मतलबहरुका विषय दया देख्न सक्दैनन् । उनले परमेश्वरले अरु सबैमाथि गर्नुभएको दया देख्न सक्दैनन् । उनले परमेश्वर पक्षपाती हुनुहुन्छ भन्ठान्दछन् किनकि योनाले जे - जे चाहेको हो त्यही -त्यही परमेश्वरले पुरयाई दिनुहुन्न ।

यहाँ यद्यपि समस्या भनेको परमेश्वरसँग होइन । समस्या योनासँगको हो । परमेश्वरले आफ्नो कृपा देखाउनको निम्ति प्रेम गर्नुहुन्छ । परमेश्वर दया हुनुहुन्छ । अनि परमेश्वर सधैं नै निष्पक्ष हुनुहुन्छ । योना परमेश्वरलाई पक्षपाती अनि निर्दयी भएको हेर्न चाहन्छन् ।

परमेश्वरले यो कुरा योनालाई यसरी संकेत गर्नु हुन्छ, "तैले नस्याहारेको अथवा नउमारेको यस लौकाको लागि यति चिन्तित भइस् । एकै रातमा बढयो, र एकै रातम नष्ट पनि भयो । (योना ४:१०)

त्यो बिरुवा परमेश्वरबाट प्रदान गरिएको विशुद्ध उपहार थियो । "र पनि यो बिरुवाको निम्ति तपाईलाई दु:ख नै लाग्दछ । " यहाँ देखिएको खास समस्या भनेको योना आफैँमा दु:खीत हुनु हो । उनी सबैथोक आफूले चाहे अनुसार होओस् भन्ठान्छन् । उनको परमेश्वर प्रतिको विश्वासमाथि तगारो बन्ने योना आफ्ना स्वार्थी इच्छाहरुलाई छाडा छोाड्दछन् । यो निश्चय नै गम्भीर विषय हो । योना फेरि पनि परमेश्वरबाट टाढा हुने जोखिमपूर्ण अवस्थामा छन् । यी सबै किन हुन गइरहेको छन् भने उनी परमेश्वरले अश्शूरीहरुलाई प्रेम गरेको देख्न सक्दैनन् ।

६. योना शहरबाट अन्यत्र गए । किनभने उनी परमेश्वरले यसलाई ........................ पारेको प्रतिक्षा गर्न चाहन्थे ।

७. योनालाई छाया होस् भन्ने खातिर परमेश्वरले उसैको नजिक एउटा ................ उमार्नुभयो ।

८. योना त्यो बिरुवाका कारण ................ ..................................... थिए । (दुइ शब्द)

९. परमेश्वरले बिरुवा मार्न एउटा ..................... पठाउनु भयो ।

१०. योना यति रिसाए कि उनी ...................... समेत चाहन्थे ।

११. परमेश्वरले योनालाई सोध्नुभयो, "....................... तेरो कुनै हक छ ?"

१२. परमेश्वरले देखाइदिनुभयो कि योना केवल ...................... मतलब मात्र राख्दछन् ।

( पेज नं. ६० को तल हेरी तपाईका उत्तरहरु जाँच्नुहोस)

परमेश्वर कृपालु रहनुहुन्छ ? निश्चय नै रहनुहुन्छ । योना भूल गर्ने, स्वार्थी र रीसाहा भएता पनि उनलाई परमेश्वरले अझ पनि प्रेम गर्नुहुन्छ । अनि निनवेलाई परमेश्वर अहिले पनि प्रेम गर्नुहुन्छ । संसारका मानिसहरुले एका-अर्कालाई प्रेम गर्न सक्दैनन् वा गर्दैनन् । अनि एका-अर्काका सम्बन्ध राख्दैनन् तथापि परमेश्वर सारा संसारलाई प्रेम गर्न सक्नुहुन्छ र गर्नुहुन्छ ।

बिरुवा-परमेश्वरको विशुद्ध देनप्रति योना कति आसक्त मतलबी थिए भन्ने सम्बन्धमा परमेश्वरले उनलाई सम्झाउँदै गरेको विवरण सँगसँगै योनाको पुस्तक समाप्त हुन्छ । तब परमेश्वर भन्नुहुन्छ, " तर निनवे शहरमा एक लाख बीस हजार भन्दा बढ्ता मानिसहरु छन् जसले दाहिने र देब्रे हातै चिन्न सक्दैनन् । निनवेका धेरै गाई-बस्तुहरु पनि छन् । के मैले त्यस ठूलो शहरको फिक्री नगरौं ?" ( योना ४:११) तर योनालाई यो साह्रै मन परेन, र तिनलाई रीस उठयो । परमेश्वर दयालु हुनुहुन्छ, उहाँ दयालु नै रहि रहनुहुन्छ, योना लगायत सबै मानिसहरुकालागि ।

परमेश्वर सधैं नै कृपालु र दयालु हुनुहुन्छ । योना परमेश्वरको दयामाथि रिसाउनु उनको ठूलो गल्ती हो । किनकि यसो गर्दा उनी परमेश्वरलाई परमेश्वर नहुनको निम्ति भनिरहेका छन् । जब हाम्रो इच्छाहरु र स्वार्थहरुद्धारा परमेश्वरलाई हामी दया गरेवापत धन्यवाद दिने बाटोमा बाधा दिन्छौ । हामी समस्या र दु:खमा पर्छौ । जब हामी क्रोधित हुन्छौ वा उहाँ पक्षपाती हुनुहुन्छ भन्ने ठान्छौा, तब हामी समस्या र दु:खमा पर्छौं । यसरी सोचेकोमा हामीलाई क्षमा गर्नुहोस् भनेर हामीले परमेश्वरलाई भन्नुपर्छ । हामीप्रति परमेश्वर कति दयालु हुनुभएको छ भन्नेबारे हामीले

पेज नं. ५८-५९ को उत्तरहरु : ६. ध्वस्त ७. बिरुवा वा लहरो ८. ज्यादै खुशी ९. कीरा १०. मर्न ११. रिसाउने १२. आफ्नो

सम्भनु पर्छ । अनि हामीले परमेश्वरलाई उहाँले गर्नुभएको सम्पूर्ण क्षमा अथवा दया वापत धन्यवाद दिनुपर्छ ।

याद गर्नुहोस् त गाह्रो हुन्छ, तर परमेश्वर सधैँ नै दयालु हुनुहुन्छ । हामी परमेश्वरलाई उहाँको कृपाको लागि अनि उहाँको छोरा, येशू खीष्टको देनको लागि धन्यवाद दिदैंछौ । येशू हाम्रा पापहरु हरण गर्न अनि हाम्रो बदलामा मर्नको निम्ति आउनुभयो ।

यो सुसमाचार जति सक्यो त्यति नै धेरै मानिसहरुलाई, हाम्रा शत्रुहरुलाई समेत भन्न चाहन्छौं । परमेश्वर उनीहरुप्रति कृपालु हुन चाहनुहुन्छ । परमेश्वरको छोराछोरीको नाताले हामी उहाँलाई –उहाँको काममा सहयोग गर्न चाहन्छौं । परमेश्वर हामीलाई उहाँको काम गर्न दिनुहुन्छ । परमेश्वरले हामीमाथि गरेको दया र क्षमा सम्भेर हामी अरुहरुको लागि पनि परमेश्वरको वरदान,जीवन अनि स्वर्गमा  सहभागी हुनुहोस् भन्ने चाहन्छौ ।

१३. परमेश्वर सधैँ नै .................. हुनुहुन्छ ।

१४. परमेश्वरलाई निनवेका १२०,००० ...................... प्रति दया लाग्यो ।

१५. परमेश्वरले योनालाई सम्भाउनु भयो कि उहाँ ............................... दया गर्न चाहनुहुन्छ ।

(पेज नं. ६२ को तल हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस)

यसपछि योनाले परमेश्वरलाई के भने त्यो चाहिँ हामीलाई भनिएको छैन । निनवे प्रति परमेश्वरको प्रेम र दयाका वचनहरुसँगै योनाको पुस्तकको अन्त हुन्छ । योनाले परमेश्वरको

दयाको बारेमा के भने वा के सोचे भन्ने कुरा खासै महत्वपूर्ण होइन । हामीले जे सोचे पनि वा जे गरे पनि परमेश्वर दयालु नै हुनुहुन्छ । विशेष गरेर त्यहि शिक्षा नै हामीले यसमा लिन्छौं ।

हामी परमेश्वरको कृपाबाट भाग्न सक्छौं । तथापि परमेश्वर हामीलाई खोज्न आउनुहुन्छ । हामी परमेश्वरको दयामा फर्कन सक्छौं । अनि परमेश्वरले हामीलाई आशिष् दिनुहुनेछ । हामी परमेश्वरको कृपाको लागि आभारी भएर बाँच्न सक्दछौ । अनि परमेश्वरले अरुलाई दया देखाउने काममा हामीलाई सहयोग गर्न दिनुहुनेछ । हामी परमेश्वरको दयाप्रति पनि रिसाउन सक्छौं । तर परमेश्वर सधैं नै दया गर्ने हुनुहुन्छ । परमेश्वर दयालु हुनुहुन्छ ।

तपाईले योनाको पुस्तक सिद्धयाउनुभयो । अब तपाईले अन्तिम परीक्षाको तयारी गर्नुभन्दा पहिले अध्याय ४ को मात्र परीक्षा दिनुपर्नेछ । जाँचको तयारीको निम्ति यस अध्यायको परिच्छेद समीक्षा प्रश्नहरुको पुनरावलोकन गर्नको निम्ति तयार हुनुहोस् ।

पेज नं. ६१ का उत्तरहरु : १३. दयालु १४. मानिसहरु स १५. सबैलाई

प्रत्येक उत्तरहरु राम्ररी बुझे वा नबुझेको छुटयाउनुहोस् । यो जाँचको लगतै अन्तिम परीक्षाको तयारीको निम्ति सबै अध्याय र परीक्षाको उत्तरहरु ध्यान दिएर पढ्नुहोस् ।

## अध्याय –चारको परीक्षा

( ठीक उत्तरमा गोलो चिन्ह लगाउनुहोस )

१. परमेश्वरले निनवे ध्वस्त नगरेपछि योनाः

क. खुशी भए ख. रीसाए ग. घर गए

२. योना यति विघ्न रिसाए कि, तिनले ...................... खोजे ।

क. मर्न ख. झगडा गर्न ग. निनवेवासीलाई मर्न

३. योनाले शहर छोडे अनि :

क. पहिले आएकै जहाजमा चढेर इस्राएल फर्किए
ख. परमेश्वरको कृपाको प्रशंसा गर्नको निम्ति चर्च बनाए
ग. एउटा छाप्रो बनाए, अनि परमेश्वरले निनवे ध्वस्त पार्नुहुनेछ भनि प्रतिक्षा गरे,

४. परमेश्वरले लौकाको बोट ..................... उर्मानुभयो ।

क. योनाको छेवैमा उनलाई छाया दिनको निम्ति
ख. निनवे शहरमो ठीक बिचैमा
ग. योना त्यसम चढेर बादलम पुग्नको लागि

५. परमेश्वरले ................. कीरा पठाउनु भयो ।

क. योनाको मनोरञ्जनको निम्ति
ख. बिरुवा मार्नको लागि
ग. योना स्वार्थी भएकोले उनलाई चिढ्याउनको निम्ति

६. परमेश्वरले योनालाई सोध्नुभयो :

क. रिसाउने तेरो कुनै हक छ ?
ख. तिमी म बाट कसरी भाग्न सफल भयौँ ?
ग. तिमी अर्को शहरमा गएर प्रचार गर्न चाहन्छौ ?

७. योनालाई त्यो बिरुवासँग मतलब थियो :

क. जुन एकै रातमा बढ्यो र एकै रातमा नष्ट पनि भयो ।
ख. जसको फल १२०,००० मानिसहरुले खाए ।
ग. जुन योनाले काटेका थिए ।

८. परमेश्वर ...................... चाहनुहुन्छ ।

क. हामीले उहाँ-मालिक हुनुहुन्छ भनेर जानौं भन्ने
ख. योनालाई रीस उठाउन
ग. सबैलाई दया वा कृपा गर्न

९. योनाले ........................ बिर्से ।

क. निनवे शहरलाई परमेश्वरको वारेमा भन्न
ख. उनीप्रति परमेश्वर कति कृपालु हुनुभएको थियो भन्ने
ग. निनवे छोडेपछि उनी कहाँ जाँदै थिए भन्ने

१०. परमेश्वरले सधैँ नै :

क. रिसाउनु हुन्छ
ख. पक्षपाती हुनुहुन्छ
ग. दयालु हुनुहुन्छ

( पेज नं.६९ मा आफ्ना उत्तरहरु हेरी जाँच्नुहोस् ।)

# शब्दावली

(कतिपय यी शब्दहरुको अर्थ तपाईले नजानेको पनि हुन सक्छ )

**सम्बोधन गर्नु** - औपचारिक सम्बन्धमा ठूलाबडाको नाम उच्चरण गर्नु ,बोलाउनु ।

**आश्चर्य चकित हुनु** - अनौठो वस्तु वा दृश्य देखेर छक्क पर्नु ।

**स्वीकृति** - कुनै कुरालाई असल वा ठीक छ भनेर मन्जूरी, सम्मति दिनु ।

**अश्शूर** - योनाको देशबाट उत्तरपूर्व दिशामा पर्ने एउटा ठूलो देश

**राजधानी** - देशका सरकारका मख्य कार्यालयहरु रहेको क्षेत्र

**दुष्कर्म गर्नु** - कुकर्म ,कुनै किसिमको खराब काम गर्नु

**सरोकार राख्नु** - कसैको निम्ति त्यो विषयमा महत्वपूर्ण हुनु, वास्ता गर्नु ।

**सीमित गर्नु** - कुनै निश्चित स्थानमा वा नियमित राख्नु

**विचार गर्नु** - कुनै विषयमा ध्यानपूर्वक सोच्नु ।

**साहस** - हिम्मत,आँट मानिसले दृढतापूर्वक विपत्ति आदिको सामना गर्न सक्ने मानसिक शक्ति

**अपराध** - कुनै कार्य जुन नियम, कानुन तोड्ने खाल्को तथा प्रतिकुल छ

**उपयुक्त हुनु** - कुनै विशेष मापदण्ड अनुसार योग्य हुनु

**विकर्षण गर्नु** - टाढा हुत्याउने काम, फाल्ने काम ,विभाजन

**अनुभूति** - व्यक्तिले स्थितिबाट प्राप्त गरेको व्यक्तिगत भोगाइ, अनुभव

**परिचित** - जानेबुझ्केको, चिनिएको, प्रायजसो देखिरहेको वा भोगिरहेको

**उपवास** - भोजन नगरिएको अवस्था,खाली पेट बस्नु ,व्रत बस्नु

**समात्नु** - ग्रहण गर्नु, पकनु, आफ्नो मुठ्ठीमा पार्नु ।

**भाग्नु(भाग्यो)**– सीधा टाढा दौड ।

**भयंकर** - डर लाग्दो, भयजनक,अद्‌भुत किसिमको, अति नराम्रो

**मूर्ति** - प्रतिमा, आकृति ,स्वरुप,आकार

**बेवास्ता गर्नु** - ध्यान नै नदिनु, ख्याल नगर्नु उपेक्षा गर्नु

**निनवे** - अश्शूरको राजधानी - शहर ।

**उपदेशात्मक सानो कथा** - सांसारिक सेरोफेरोमा लेखिएको सानो

**उपदेश दिने कथा जसले**– स्वर्गीक वा अध्यात्मिक अर्थ दिन्छ ।

**सजाय** - कुनै अपराध वा गल्ती गर्नेलाई दिइने यातना, दण्ड, जरिवाना ।

**खर्चालु** - नचांहिँदो, आवश्यकता भन्दा धेरै खर्च गर्ने ।

**भविष्यवाणी गर्नु** - परमेश्वरले आज्ञा गरे अनुसार सन्देश दिनु, पछि

**हुन्छ भनेर पहिले नै** –ठोकुवा गरिएको,भविष्यका लागि बोलिएको कुरा ।

**भविष्यवक्ता** - ज्योतिषी,परमेश्वरको आज्ञा अनुसार सन्देश प्रवाह गर्ने, कुनै व्यक्ति,मानिस –जसद्धारा परमेश्वरले आफ्नो वाणी लिखित वा मौखिक रुपमा प्रकट गर्नुहुन्छ ।

**उग्र हुनु** - प्रचण्ड, रीसले चुर हुनु, अति नै रिसाउनु ।

**लापरबाह** - कुनै प्रकारको आफुलाई पर्ने हानी, नोक्सानीको ख्याल नगर्ने, परिणामको वास्ता –नगर्ने,होशियारी नभएको ।

**मान्यता दिनु** - कुनै चीज साँचो वा सत्य, तथ्य हो भनेर जान्नु वा देख्नु, कदर गर्नु

**उद्धार गर्नु** - कसैलाई कष्टबाट, विपत्तिबाट जोगाउनु, समस्यामा फसेकालाई त्यसबाट मुक्त –गर्नु

**नाविक** - जहाजमा काम गर्ने कामदार

**बलिदान** - त्याग, कुनै मुल्यवान चीज ,प्राण समेतको अर्पण गरिदिनु , त्याग गर्नु

**त्याग** - कुनै मुल्यवान चीज छोड्नु , त्यसबाट आफुलाई अलग राख्नु

**आतङ्कित गर्नु** - डर पैदा गर्नु, तर्साउनु , असामान्य स्थिति खडा गरेर आतंक मच्चाउनु

**गोप्य** - कुनै कुरा बाहिर नदेखिने गरी, अरुले थाहा नपाउने गरी लुकाएर राख्नु,जो कसैले –खोल्न वा हेर्न नहुने ।

**स्वार्थी** - आफ्नो मात्र हित चाहने,मतलबी, तर अरुको लागि पटक्कै नसोच्ने ।

**किनार** - नदीका दुई छेउ, नदीका वारिपारिका छेउ,तीर ।

**सल्लाह** - एकअर्कालाई दिइने परामर्श,सुझाव, राय दिनु, कसैलाई समस्या समाधानको निम्ति उचित उपाय बारे राय दिनु

**चित्कार** - तिखो आवाज निकालेर कराउनु, चिच्याउनु, डरले तिखो स्वरमा गुहार माग्नु

# अध्याय - जाँचहरुको उत्तरहरु

**एक –अध्यायको परीक्षा**
१. घ माथिको सबै २. ख परमप्रभु ग पासा हाने, वा चिट्ठा हाले ४. क उनको दोष ५. घ माथिको कुनै पनि होइन ६. क तीन दिनसम्म

**दुई –अध्यायको परीक्षा**
१. ग गीत गाए २. क बचाउन ३. ग पाप ४.आफ्ना छोरा , येशू ५ घ माथिका सबै ६ क. हामीले परमेश्वरलाई योनाले जस्तै हामीलाई बचाउनको निम्ति प्रार्थना गर्न सक्छौ । ७. ख परमेश्वरको कृपा ८ ग प्रार्थना ९. ख किनारमा उकेलि

**तीन – अध्यायको परीक्षा**
१.ख निनवेमा फेरि जाऊ भन्नुभयो २. क तुरुन्तै गए ३. ध्वस्त भयो ४. ग. तुरुन्तै परमेश्वरतर्फ फर्किए ५ घ. माथिको सबै ६ ग. क्षमा गर्नुभयो, कृपा गर्नुभयो, अनि तिनीहरुलाई ध्वस्त पार्नु भएन ७. ग. योना र निनवे दुवै माथी

**चार –अध्यायको परीक्षा**
१. ख. रिसाएका थिए २. क मर्न ३.ग छहारी हाले अनि परमेश्वरले निनवे ध्वस्त पार्नुहुनेछ ,भनी प्रतिक्षा गरे ४.क योनालाई छाया दिन उनको छेवैमा ५ ख. बोट लाई मार्नको लागि ६ क. तिमीलाई रिसाउने कुनै हक छ ? ७.क एकै रातमा बढयो, र एकै रातमा नष्ट पनि भयो । ८. ग सबैलाई कृपा,क्षमा होस् । ९ ख. परमेश्वर उनीप्रति कति कृपालु हुनुभएको थियो । १० ग दयालु र कृपालु

# अन्तिम परीक्षा

बधाई छ ! तपाईले योनाको पुस्तकको अध्ययन पुरा गर्नु भएको छ । साथैं तपाईले अध्यायको जाँचमा कही गल्ती गर्नुभएको छ भने फेरि एक पटक दोहोर्‍याउनुहोस् । अध्यायको सुरुमा ताराले संकेत गरेको लक्ष्यहरु पनि एक पटक हेर्नुहोस् । जब तपाईलाई लाग्छ कि तपाई सबै अध्यायको जाँचका प्रश्नहरुको उत्तर लेख्न सक्नुहुन्छ । अब तपाई अन्तिम जाँचको लागि तयार हुनुहुन्छ । पुस्तकमा नहेरीकनै अन्तिम जाँच पूरा गर्नुहोस् । जब तपाई सक्नुहुन्छ । तब जसले यो पुस्तक दिएको हो । उहाँलाई, वा यो पुस्तकको पछाडि दिएको ठेगानामा जाँचको उत्तर पुस्तिका पठाउनुहोस् । तपांई यस श्रृंखला अर्न्तगत बाइबल अध्ययनका अन्य पुस्तकहरु लिन (मगाउन) सक्नुहुन्छ ।

यदि तपाईं पूरै तयार हुनुभयो भने परीक्षालाई पुस्तकबाट अलग गर्नुहोस् । अनि पुस्तकलाई टाढा राख्नुहोस् । पुस्तक नखोलिकन परीक्षा दिनुहोस ।

**विरक्त भविष्यवक्ता**
**अन्तिम परीक्षा**

**भाग क –** (खाली  ठाँउ भर्नुहोस)

१. योना भविष्यवक्ता थिए अनि ................... बाट पठाइएका थिए ।

२. परमेश्वरले योनालाई ..................मा जानको लागि अनि त्यहाँका मानिसहरुलाई शिक्षा –दिनको लागि अह्राउनु भयो ।

३. परमेश्वरले तिनीहरुको शहर चालीस दिनमा ................. पार्नुहुनेछ भनेर तिनीहरुलाई योनाले चेतावनी दिनु थियो ।

४. योना जान चाहँदैन थिए, त्यसैले उनले तर्शीशतिर जाने ........ ...........फेला पारे अनि त्यसमा चढे ।

५. परमेश्वरले समुन्द्रमा ...................... पठाउनु भयो, अनि तिनीहरुको जहाज ध्वस्त हुनेछ भनी नावीकहरु डराएका थिए ।

६. नावीकहरुले ................ फाले अनि समुन्द्री आँधी योनाको दोषको कारणले थियो भन्ने पत्ता लगाए ।

७. योनाले नावीकहरुलाई भने कि यहोवे  वास्तवमा .................. नै हुनुहुन्छ , अनि जहाज बचाउनको लागि योनालाई समुन्द्रमा .................. पर्नेछ । नावीकहरुले त्यसै गरे ।

८. परमेश्वरले योनालाई  निल्न एउटा ठूलो ................ जुटाउनु भयो ।

९. योना त्यसको पेटमा ............. दिनसम्म बसे ।

**भाग ख –** (ठीक उत्तरमा गोलो चिन्ह लगाउनुहोस )

१०. माछाको पेटभित्र, योना ......................
क. सुते　　　ख रोए　　　ग प्रार्थना गरे

११. योनाको अति खराब समस्या, विपत्ति................. हो ।
क. समुन्द्र　　　ख. माछा　　　ग. पाप

१२. येशूले ................ लागि पापको मूल्य चुकाउनु भयो ।
क. योनाको
ख. हामीहरुको
ग. सम्पूर्ण संसारको
घ. माथिको सबै

१३. परमेश्वरले माछालाई .................. भन्नुभयो ।
क. योनालाई पाखामा उकेलिदिन
ख. योनालाई खानु
ग. तर्शीशतिर

१४. त्यसपछि योना :
क. तर्शीशमा जाने अर्को जहाजमा चढे ।
ख. तुरुन्त निनवे गए ।
ग सोझै घरतर्फ लागे ।

१५ योनाले प्रचार गरिसकेपछि, निनवे शहर ................. भयो ।
क. उनीहरुले गरेको पापप्रति दुःखी थिए ।
ख योनाको सत्कारमा एउटा समारोहको आयोजना गरे
ग योनालाई मारे

१६ जब मानिसहरु परमेश्वरतर्फ फर्केको देख्नुभयो तब उहाँले स
क. तिनीहरुलाई सखाप पार्नुभयो ।
ख. योनालाई मार्नु भयो ।
ग. क्षमा गर्नुभयो अनि तिनीहरुलाई सखाप पार्नु भएन ।

१७. योना शहरको बाहिर गए अनि :
क. घर जान सवारी खोज्न थाले ।
ख. परमेश्वरले निनवे ध्वस्त पार्नुहुनेछ भनी प्रतिक्षा गर्न लागे ।
ग. निनवेमा आफुलाई खान-बस्न पुग्ने काम पाए ।

१८. परमेश्वरले ................ पठाउनु भयो ।
क. योनालाई छाया दिनको लागि एउटा बोट
ख. बोटलाई मार्नको निम्ति एउटा कीरा
ग. क र ख दुवै

१९. योनाको रिसाउने कुनै हक थिएन किनकि :
क. योनाले चाहेजति परमेश्वरले सबै पुर्‍याई दिनुभयो ।
ख. परमेश्वर सधैँ दयालु, क्षमाशील हुनुहुन्छ अनि सबैलाई क्षमा गर्न चाहनु हुन्छ ।
ग. योनाले कीरा मागे ।

**भाग ग –**
(ठीक र बेठीकको लागि ठी वा बे मा गोलो चिन्ह दिनुहोस् )

(२०). ठी. बे. – परमेश्वर क्षमा र दया हुनुहुन्छ ।

(२१). ठी. बे. – परमेश्वर प्रेम हुनुहुन्छ ।

(२२) ठी. बे. – परमेश्वरले हाम्रो लागि सबै भन्दा जे उचित छ त्यही गर्नुहुन्छ ।

(२३). ठी. बे. – हामीले जे चाहन्छौ परमेश्वरले त्यही गर्नुहुन्छ ।

(२४) ठी. बे. – परमेश्वरले निनवेलाई क्षमा गर्नुहुनेछ भन्ने योनालाई थाहा थियो ।

(२५) ठी. बे. – योना परमेश्वरसँग रिसाए किनभने उहाँ दयालु हुनुहुन्थ्यो ।

(२६) ठी. बे. – जब योना परमेश्वरबाट भागे तब अरु मानिसहरु दु:खित भए ।

(२७) ठी. बे. – कहिलेकाहीँ कारागर पनि परमेश्वरले हामीलाई उद्धार गर्ने मध्यम बन्न सक्छ ।

(२८) ठी. बे.– परमेश्वर भन्नुहुन्छ कि हामीले नचाहेको केही पनि हामीले गर्नुहुन्न ।

(२९) .ठी. बे.– जब हामी आफ्नै बारेमा मात्र सोच्ने गर्दछौ । तब हामी परमेश्वरसँग रिसउँदछौं ।

कृपया निम्न जानकारीहरु लेख्न'होस् :
नाम ...........................................................................
ठेगाना
...........................................................................
...........................................................................
...........................................................................

कृपया यो प'स्तकको बारेमा तपाईको प्रतिक्रियाहरु लेख्न'होस्
...........................................................................
...........................................................................
...........................................................................
...........................................................................
...........................................................................
...........................................................................
...........................................................................
...........................................................................

Multi-Language Productions
Bringing the Word to the World

**The Reluctant Prophet-Nepali**
**Bible Teachings Series**
**MLP Catalog Number: 385113**